जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ९९ • २०८३ साल भाद्र ११ गते विहीबार (27 August, Thursday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-


### पहाडी तीन जिल्लामा बाढीको प्रलय

# रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा जोखिम कायमै

**टुडे समाचारदाता**

काठमाण्डु । रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान आएको भीषण बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति पुर्‍याएको छ। बाढी र पहिरोमा परी प्रारम्भिक सरकारी विवरणअनुसार कम्तीमा ९५ जनाभन्दा बढीको मृत्यु भएको छ भने सयौँ व्यक्ति बेपत्ता भएको आशंका गरिएको छ । ठूलो संख्यामा घर, सडक, पुल तथा जलविद्युत् आयोजनामा क्षति पुगेपछि प्रभावित क्षेत्रमा उद्धार र खोजी कार्य तीव्र पारिएको छ।

नेपाल प्रहरीले बुधबार दिउँसोसम्म रसुवामा एक पुरुषसहित नुवाकोट, धादिङ र गोरखामा समेत गरी १८ जनाको मृत्यु पुष्टि गरेको थियो । त्यसपछि विभिन्न जिल्लामा थप शव फेला परेको र मृतकको संख्या बढेको स्थानीय तथा सुरक्षा निकायका विवरण आएका छन् ।

प्रारम्भिक विवरण अनुसार रसुवामा एक पुरुषको शव फेला परेको छ । नुवाकोटमा महिला र पुरुष गरी ११ जना, धादिङमा १८ जना तथा गोरखामा महिला, पुरुष, बालक र पहिचान नखुलेका व्यक्तिका शव फेला परेको जनाइएको छ।

बाढीको प्रभाव त्रिशूली नदीको तटीय क्षेत्र हुँदै चितवन, तनहुँ र नवलपरासीपूर्वसम्म पुगेको छ । चितवनमा महिला, पुरुष तथा बालबालिकासहित ठूलो संख्यामा शव फेला परेको छ भने तनहुँ र नवलपरासीपूर्वमा समेत मानवीय क्षति भएको प्रहरीले जनाएको छ। घटनाको विस्तृत विवरण संकलन भइरहेकाले मृतक तथा बेपत्ताको संख्या अझै बढ्न सक्ने सुरक्षा निकायको अनुमान छ। नेपाल प्रहरीले बाढीमा परी घाइते भएका ६३ जनालाई उद्धार गरी विभिन्न अस्पतालमा उपचार भइरहेको जनाएको छ । घाइतेमध्ये काठमाण्डुका त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, वीरेन्द्र सैनिक अस्पताल, नर्भिक र ग्रीनसिटी अस्पताल तथा रसुवा र त्रिशूलीका अस्पतालमा उपचार भइरहेको छ।





बाढीले रसुवाको टिमुरे, रसुवागढी, स्याफ्रुबेंसी, मैलुङ, वेत्रावती र हाकुलगायतका क्षेत्रमा समेत ठूलो क्षति पुर्‍याएको छ। यी क्षेत्रमा कार्यरत २८ जना प्रहरीसमेत सम्पर्कविहीन रहेको प्रारम्भिक विवरण छ। उद्धार टोलीले जोखिममा रहेका सर्वसाधारणलाई सुरक्षित स्थानमा सार्ने तथा बेपत्ताको खोजी गरिरहेको छ।

### जलविद्युत् आयोजनाका कर्मचारी र कामदार बेपत्ता

बाढीले रसुवाको जलविद्युत् क्षेत्रमा पनि ठूलो क्षति पुर्‍याएको छ । नेपाल विद्युत् प्राधिकरणका विभिन्न आयोजना तथा संरचनामा कार्यरत १३३ जनाभन्दा बढी कर्मचारी र कामदार सम्पर्कविहीन भएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ। यसमा विदेशी कामदारसमेत रहेको बताइएको छ।

निर्माणाधीन त्रिशूली-३ बीको साइटमा कार्यरत २१ जना, चिलिमे जलविद्युत् केन्द्रमा सात जना तथा अन्य आयोजना र ठेकेदार कम्पनीमा कार्यरत दर्जनौँ कर्मचारी सम्पर्कबाहिर छन् । त्रिशूली-३ ए जलविद्युत् केन्द्रको पावरहाउसमा मर्मत कार्यमा संलग्न ४५ जना पनि सम्पर्कविहीन रहेको प्राधिकरणले जनाएको छ।

यसैगरी त्रिशूली २२० केभी ३ बी हबमा कार्यरत १६ जना तथा रसुवागढी जलविद्युत् केन्द्रमा विभिन्न ठेकेदार कम्पनीमार्फत मर्मत तथा निर्माणमा संलग्न २९ जना सम्पर्कविहीन रहेको विवरण छ । बाढीका कारण त्रिशूली तथा भोटेकोशी नदी बेसिनका दर्जनौँ जलविद्युत आयोजनामा क्षति पुगेको छ।

### २७ देशका ४०३ पर्यटक सम्पर्कविहीन

बाढीमा नेपाली तथा विदेशी पर्यटकसमेत प्रभावित भएका छन् । नेपाल पर्यटन बोर्डका अनुसार हालसम्म ४०३ जना पर्यटक सम्पर्कविहीन रहेको प्रारम्भिक विवरण छ । तीमध्ये ६२ जना नेपाली र ३४१ जना विदेशी नागरिक छन्। सम्पर्कविहीन हुनेमा २०० महिला र २०३ पुरुष रहेको जनाइएको छ।

विदेशी नागरिकमध्ये भारतका १३३, अमेरिकाका ४७ र बेलायतका ३३ जना रहेको बताइएको छ। अन्य विभिन्न देशका नागरिकसमेत सम्पर्कविहीन रहेको पर्यटन बोर्डले जनाएको छ । अधिकांश पर्यटक मानसरोवर यात्राका क्रममा त्यस क्षेत्रमा पुगेका यात्रुहरू रहेको टुर अपरेटरहरूलाई उद्धृत गर्दै बोर्डले जनाएको छ।

भौगोलिक रूपमा विकट तथा सडक र सञ्चार सम्पर्कसमेत प्रभावित भएकाले बेपत्ताको यकिन विवरण संकलनमा कठिनाइ भइरहेको छ।

### उद्धार र राहतमा सरकारी संयन्त्र परिचालन

विपद्को गम्भीरतालाई ध्यानमा राख्दै सरकारले उद्धार, राहत तथा खोजी कार्यलाई तीव्रता दिएको छ। रसुवा र नुवाकोटलाई तत्काल एक/एक करोड तथा धादिङलाई ५० लाख रुपैयाँ उपलब्ध गराउने निर्णयसमेत गरिएको छ।


नेपाल प्रहरीले चिकित्सक टोलीसहित स्वास्थ्य सामग्री रसुवातर्फ पठाइएको छ । प्रहरी अस्पतालबाट चिकित्सक, एम्बुलेन्स र आवश्यक स्वास्थ्य सामग्रीसहित नौ सदस्यीय टोली प्रभावित क्षेत्रतर्फ परिचालन गरिएको प्रहरीले जनाएको छ।

बाढीबाट भएको क्षतिको पूर्ण विवरण अझै संकलनकै क्रममा रहेकाले मानवीय तथा भौतिक क्षतिको वास्तविक आँकडा अझै बढ्न सक्ने देखिएको छ। बेपत्ता व्यक्तिको खोजी, घाइतेको उपचार, जोखिममा रहेका नागरिकको उद्धार तथा विस्थापितलाई तत्काल राहत उपलब्ध गराउनु अहिले सरकार र सुरक्षा निकायको मुख्य प्राथमिकता बनेको छ।

# विपद् प्रभावित स्थानीय तह तीन महिनाका लागि संकटग्रस्त क्षेत्र घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । विपद्बाट प्रभावित जिल्लाका स्थानीय तहलाई तीन महिनाका लागि सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम सरकारले प्रभावित क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ।



ऐनको दफा ३२ को उपदफा (१) मा गम्भीर प्रकृतिको विपद् उत्पन्न भई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न आवश्यक देखिएमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो क्षेत्रको सीमा र अवधि तोकेर संकटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था छ।

विपद् संकटग्रस्त क्षेत्रमा सरकारले आवश्यकता अनुसार विभिन्न आदेश तथा निर्णय गर्न सक्ने व्यवस्था ऐनको दफा ३३ मा गरिएको छ। जसअनुसार सरकारी तथा गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्थालाई निश्चित अवधिका लागि बन्द गर्ने, उद्धार कार्यमा प्रतिकूल असर पार्ने गतिविधिमा रोक लगाउने तथा सरकारी वा गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्थाका कर्मचारीलाई काजमा खटाउने अधिकार सरकारलाई हुन्छ।

त्यस्तै, विपद् उद्धार कार्यका लागि आवश्यक परेमा गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको चल तथा अचल सम्पत्ति अभिलेख राखी तोकिएको अवधिका लागि अस्थायी रूपमा प्रयोग गर्न सकिने व्यवस्था छ।

सरकारले सरकारी स्रोत तथा साधन परिचालन गर्नुका साथै सम्बन्धित जिल्लाभित्रका गैरसरकारी कार्यालय, शिक्षण संस्था वा व्यक्तिका सवारीसाधन निश्चित अवधिका लागि अभिलेख राखी नियन्त्रणमा लिएर प्रयोग गर्न सक्छ।

त्यसैगरी, खाद्यान्न, लत्ताकपडा, औषधि, निर्माण सामग्री तथा अन्य आवश्यक वस्तु अभिलेख राखी नियन्त्रणमा लिएर विपद्बाट प्रभावित व्यक्तिलाई वितरण गर्न सकिने व्यवस्था छ । विपद् प्रभावित क्षेत्रमा रहेका जग्गा, घर, कलकारखाना, देवदेवालय, धार्मिकस्थल तथा अन्य महत्त्वपूर्ण वस्तु वा स्थानलाई विनाश हुनबाट जोगाउन आवश्यक उपाय अपनाउने अधिकार पनि सरकारसँग हुन्छ।

विपद् व्यवस्थापनका लागि सहयोग टोली गठन गरी संकटग्रस्त क्षेत्रमा पठाउने, प्रभावित क्षेत्रमा यातायात तथा मानिसको आवतजावतमा बन्देज लगाउने र सर्वसाधारणको जीउधनको सुरक्षाका लागि आवश्यक सुरक्षात्मक उपाय अपनाउने अधिकारसमेत ऐनले सरकारलाई दिएको छ।

विपद् संकटग्रस्त क्षेत्र घोषणा भएको अवधिमा सरकारले विपद् व्यवस्थापनका लागि आवश्यक अन्य सबै कामसमेत गर्न सक्ने कानुनी व्यवस्था रहेको छ।

# भूमिगत सिँचाइ कार्यालयका प्रमुखसहित दुई जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीस्थित भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका कार्यालय प्रमुख अनुपमा ढकाल र सोही कार्यालयका मेकानिकल अधिकृत छैठौँ तहका तुलाकान्त चौधरीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ।


आयोगले दुबै कर्मचारीले बोरिङ तथा मोटर जडानसम्बन्धी काम सम्पन्न गरेपछि सेवाग्राहीसंग ७ लाख ५० हजार रुपैयाँ घुस लिएको आरोपमा बुधबार विशेष अदालत, काठमाण्डुमा आरोपपत्र दायर गरेको छ।

आयोगले जनाए अनुसार कार्यालय प्रमुख ढकाल र मेकानिकल अधिकृत चौधरीले आपसी मिलेमतोमा बोरिङ तथा मोटर जडानको काम सम्पन्न भएपछि सेवाग्राहीबाट अवैध रूपमा रकम माग गरी ७ लाख ५० हजार रुपैयाँ घुस लिएका थिए। घुस रकम लिइरहेको अवस्थामा आयोगको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो।

अनुसन्धानका क्रममा दुबै जनाले मिलेमतोमा घुस रकम लिएको पुष्टि भएको आयोगले जनाएको छ । आयोगका प्रवक्ता सुरेश न्यौपानेले जनाए अनुसार आरोपित दुवै जनाविरुद्ध ७ लाख ५० हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा मुद्दा दायर गरिएको छ।

आयोगले आरोपितहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय तथा सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बराबरको जरिवाना असुल गर्न माग दाबी गरेको छ।

सरकारी निकायबाट प्रदान गरिने सेवा तथा विकास निर्माणसम्बन्धी काममा कर्मचारीले सेवाग्राहीसंग गैरकानुनी रूपमा रकम असुल गर्ने प्रवृत्तिमाथि आयोगले निगरानी बढाउँदै आएको छ । यस घटनामा पनि काम सम्पन्न गरिदिए वापत घुस लिएको आरोपमा सम्बन्धित कर्मचारीलाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको र प्रमाणका आधारमा विशेष अदालतमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ।

# नुवाकोट र धादिङका बाढीपीडितका लागि १६ स्थानमा अस्थायी आवास निर्माण



काठमाण्डु । सरकारले बाढीबाट घरबारविहीन भएका पीडितहरूका लागि धादिङ र नुवाकोटमा अस्थायी आवास स्थापना गरेको छ । जिल्ला प्रशासन कार्यालय नुवाकोट र जिल्ला प्रशासन कार्यालय धादिङले विभिन्न स्थानमा अस्थायी आवास निर्माण गरेका हुन् ।

जिल्ला प्रशासन कार्यालय नुवाकोटका अनुसार विदुर-७ तुप्चेस्थित पुस्तकालय (२०० जनाको क्षमता), विदुर-१ त्रिशूली ढुङ्गे क्षेत्र र विदुर-४ सिमचौरका लागि बालमन्दिरमा (१०० जनाको क्षमता), विदुर-५ देवीघाटस्थित आयुर्वेद वैकल्पिक चिकित्सालयमा (३०० जनाको क्षमता) को अस्थायी आवास निर्माण गरिएको छ ।

साथै विदुर-१० बेत्रावती भैँसे क्षेत्रस्थित सुन्दरी क्यौरिनी मावि (२०० जनाको क्षमता), विदुर-१ त्रिशूली बजार क्षेत्रको कोलनी कवर्डहल (३०० जनाको क्षमता), विदुर-३ देवीघाट सिटखाली क्षेत्रमा रहेको रणभुवनेश्वरी मावि (२०० जनाको क्षमता) र बेलकोटगढी नगरपालिकाको रातमाटे जिलिङ क्षेत्रको महादेव मावि (२०० जनाको क्षमता)मा अस्थायी आवास निर्माण गरिएको छ ।

त्यसैगरी जिल्ला प्रशासन कार्यालयका धादिङका अनुसार गल्छी गाउँपालिका-६ महेशदोभानदेखि बैरेनी अस्पतालसम्मका प्रभावितलाई नमूना बागेश्वर मावि (१०० जनाको क्षमता), गल्छी गाप-७ डल्टारस्थित नमूना वागीश्वरी क्याम्पसमा (१०० जनाको क्षमता) को अस्थायी आवास निर्माण गरिएको छ ।

साथै धादिङको गजुरी गाउँपालिका-१ स्थित आदर्श मावि गजुरी (२०० जनाको क्षमता), गजुरी गाप-५ स्थित सरस्वती मावि कर्कली गजुरीमा (१०० जनाको क्षमता), गजुरी गाप-२ स्थित छोयले गुम्बामा (५० जनाको क्षमता), गजुरी गाप-६ स्थित केदारेश्वर सादना केन्द्रमा (१०० जनाको क्षमता)को अस्थायी आवास निर्माण गरिएको छ ।

कार्यालयका अनुसार बेनीघाट रोराङ-३ स्थित वागीश्वरी मावि (२०० जनाको क्षमता), बेनीघाट रोराङ-५ चन्द्रद्वय मावि (२०० जनाको क्षमता) र बेनीघाट रोराङ-९ स्थित शत्त देवी मावि (१५० जनाको क्षमता)मा अस्थायी आवास निर्माण गरिएको छ । प्रहरीले अन्य जिल्लामा स्थापना गरिएको अस्थायी आवासको विवरण सङ्कलन भइरहेको जनाएको छ । रासस

# इन्सेफ्लाइटिसबाट मधेशमा ६ जनाको मृत्यु



टुडे समाचारदाता

जलेश्वर । प्राणघातक रोग जापानीज इन्सेफ्लाइटिस (जेई) को सङ्क्रमण देशका विभिन्न स्थानसहित मधेश प्रदेश पनि फैलँदै गएको छ । सङ्क्रमणसँगै मृत्यु दरसमेत उच्च देखिएको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक सरोज न्यौपानेका अनुसार भदौ ५ गतेसम्म मधेश प्रदेशका सात जिल्लाका १५ पालिकामा गरी १९ जनामा प्रयोगशाला परीक्षणबाट जापानीज इन्सेफ्लाइटिस पुष्टि भएको छ । सङ्क्रमितमध्ये ६ जनाको अर्थात् करिब ३२ प्रतिशतको मृत्यु भएको छ। न्यौपानेले भन्नुभयो, ''यो मृत्युदर उच्च हो ।''

निर्देशनालयका खोप सुपरभाइजर लक्ष्मेश्वर झाका अनुसार जापानीज इन्सेफ्लाइटिसबाट सप्तरी जिल्ला सबैभन्दा बढी प्रभावित भएको छ । जिल्लाका राजगढ, तिलाठी कोइलाडी, डाक्नेश्वरी र महदेवा क्षेत्रमा सङ्क्रमण देखिएको छ । भदौ ५ गतेसम्म सप्तरीमा ६ जनामा सङ्क्रमण पुष्टि भएकोमा दुई जनाको मृत्यु भएको छ।

त्यस्तै, पर्सामा चार सङ्क्रमितमध्ये दुई जना, धनुषामा तीन सङ्क्रमितमध्ये एक जना तथा रौतहटमा एक जनाको मृत्यु भएको झाले जानकारी दिएका छन् । महोत्तरीको बर्दिबास, औरही र सम्सी क्षेत्रमा गरी तीन जना तथा सिरहाको धनगढीमाई नगरपालिका र बारामा एक-एक जनामा जापानीज इन्सेफ्लाइटिस पुष्टि भएको छ । सङ्क्रमितमध्ये केहीको उपचार भइरहेको छ ।

उपचारपछि घर फर्किएकामा समेत दीर्घकालीन स्वास्थ्य समस्या देखिएको परिवारजनले बताएका छन्। बोल्न तथा खाना खान कठिन हुने, मानसिक अवस्था सुस्त हुने तथा अन्य शारीरिक-मानसिक अपाङ्गता देखिने गरेको उनीहरूको भनाइ छ ।

रोकथामका लागि बालबालिकालाई नियमित खोप दिइँदै आए पनि सङ्क्रमण बढिरहेको छ। खोप सुपरभाइजर झाले नियमित खोप अभियानअन्तर्गत करिब ९५ प्रतिशत बालबालिकाले जेई खोप पाएको जानकारी दिएका छन् ।

प्रदेश स्वास्थ्य निर्देशक सरोजराज न्यौपानेको नेतृत्वमा विश्व स्वास्थ्य सङ्गठन, खोप सुपरभाइजर लगायतको टोली प्रभावित क्षेत्रमा पुगेको जनाइएको छ । टोलीले स्थानीय बासिन्दा, वडाध्यक्ष, नागरिक समाज तथा अन्य सरोकारवालासँग छलफल गरी सङ्क्रमणको अवस्था र रोकथामका उपायबारे जानकारी लिइरहेको छ ।

टोलीले नियमित खोप लगाउन, घरवरपर पानी जम्न नदिन, राति सुत्दा झुलको प्रयोग गर्न तथा शरीर पूरै ढाकिने गरी कपडा लगाउन र हाँस तथा सुँगुर-बङ्गुरका खोर बस्तीभन्दा केही टाढा राख्न सर्वसाधारणलाई अपिल गरेको छ ।

उच्च ज्वरो आउने, अत्यधिक टाउको दुख्ने, बान्ता हुने, बेहोस हुने, शरीरमा ऐठन वा झट्का लाग्ने तथा मानसिक अवस्थामा परिवर्तन हुनेजस्ता लक्षण देखिएमा ढिला नगरी नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न टोलीले आग्रह गरेको छ ।

विशेषगरी ५० वर्षभन्दा माथिका व्यक्तिमा जापानीज इन्सेफ्लाइटिसका कारण मृत्यु बढी देखिएको भन्दै परिवारका ज्येष्ठ सदस्यको स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गरिएको छ ।

यसैबिच, मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेशका आठवटै जिल्लाका स्वास्थ्य कार्यालयलाई जापानीज इन्सेफ्लाइटिसको रोकथाम तथा नियन्त्रणका लागि तत्काल आवश्यक कदम चाल्न निर्देशन दिएको छ ।

मन्त्रालयले स्थानीय तहसँग समन्वय र सहकार्य गरी रोगको जोखिम न्यूनीकरण, जनचेतना अभिवृद्धि, खोपको पहुँच तथा प्रभावित क्षेत्रमा आवश्यक स्वास्थ्य सेवा प्रभावकारी बनाउन निर्देशन दिएको हो ।

यता, स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको साउन मसान्तसम्मको पछिल्लो प्रतिवेदनअनुसार देशभर ५८ जनामा प्रयोगशाला परीक्षणबाट जापानीज इन्सेफ्लाइटिस पुष्टि भइसकेको छ। तीमध्ये १६ जनाको मृत्यु भएको छ ।

स्वास्थ्य अधिकारीहरूले सङ्क्रमणको जोखिम कायमै रहेकाले 'सचेत बनौँ, खोप लगाऔँ, लामखुट्टेको टोकाइबाट बचौँ र जापानीज इन्सेफ्लाइटिसबाट सुरक्षित रहौँ' भन्ने सन्देशसहित सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेका छन् ।

# पृथ्वी राजमार्गमा सवारी आवागमन पूर्णरुपमा बन्द



धादिङ । भोटेकोशीमा गएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत क्षेत्रमा क्षति पुगेपछि सम्भावित जोखिमलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय धादिङले जिल्लाअन्तर्गत पृथ्वी राजमार्गमा सवारी आवागमन पूर्ण रूपमा बन्द गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले बुधबार सूचना जारी गर्दै आजदेखि अर्को सूचना जारी नभएसम्म पृथ्वी राजमार्ग भएर चल्ने सबै सार्वजनिक तथा निजी सवारीसाधनको आवागमन पूर्ण रूपमा बन्द गरिएको जनाएको हो ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय (गौतम)ले बाढीका कारण रसुवा, नुवाकोटलगायत धादिङ जिल्लाको पृथ्वी राजमार्गका विभिन्न स्थानमा समेत क्षति पुगेको जानकारी दिनुभयो । बाढी तथा त्यसबाट उत्पन्न हुनसक्ने थप जोखिमलाई ध्यानमा राखी आम सर्वसाधारणको जीउज्यानको सुरक्षाका लागि सवारी आवागमन बन्द गर्ने निर्णय गरिएको उहाँले राससलाई जानकारी दिनुभयो । रासस

# भद्रपुर प्रादेशिक अस्पतालमा नर्सिङ कलेज सञ्चालनको तयारी

भद्रपुर । झापाको भद्रपुरस्थित प्रादेशिक अस्पतालमा प्रमाणपत्र तहको नर्सिङ कलेज सञ्चालनको तयारी सुरु भएको छ ।

आवश्यक पूर्वाधार र जनशक्ति उपलब्ध रहेको भन्दै अस्पतालले आगामी शैक्षिक वर्षदेखि कक्षा सुरु गर्ने लक्ष्यसहित सम्बन्धनको प्रक्रिया अघि बढाएको हो ।

अस्पतालका अनुसार नर्सिङ कलेज सञ्चालनका लागि पहल हुँदै आएको छ । अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले २०८२ भदौ ५ गते कलेज सञ्चालनसम्बन्धी निर्णय गरेको थियो । कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयले नर्सिङ कार्यक्रम सञ्चालनका लागि सिफारिस गरिसकेको छ ।



प्रस्तावित कलेजका लागि अस्पतालको पुरानो भवन प्रयोग गर्ने तयारी छ । नयाँ भवनबाट अस्पतालको सेवा सञ्चालन हुन थालेपछि खाली रहेको पुरानो भवनमा १४ वटा कोठा, चारवटा प्रयोगशाला र पुस्तकालय रहेका छन् । होस्टल निर्माणको योजना रहेको अस्पतालकी वरिष्ठ नर्सिङ अधिकृत सुजता पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार अस्पतालमा १२४ भन्दा बढी शय्या र ९० नर्सिङ जनशक्ति रहेकामा प्रस्तावित कलेजका लागि १३ जना नर्सिङ जनशक्ति छुट्याइएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले तोकेको कोटाअनुसार विद्यार्थी भर्ना गर्ने अस्पतालको योजना छ ।

"सरकारी अस्पतालमै नर्सिङ शिक्षा सञ्चालन हुँदा पूर्वी नेपालका विद्यार्थीलाई प्रत्यक्ष लाभ पुग्छ । अहिले चर्को शुल्क तिरेर निजी संस्थामा अध्ययन गर्नुपर्ने बाध्यता रहेकाले सरकार स्तरबाट कार्यक्रम सञ्चालन हुँदा धेरै सहज हुन्छ," पौडेलले भन्नुभयो, "यसले आवश्यक नर्सिङ जनशक्ति उत्पादन गर्न र जनशक्ति पलायन रोक्न पनि सहयोग पुऱ्याउन सक्छ ।"

कलेज सञ्चालनका लागि सिटिइभिटीको प्रक्रिया अघि बढाउने क्रममा गत साउन २१ गते अस्पतालको प्रतिनिधिमण्डलले शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँग भेट गरेको थियो । प्रतिनिधिमण्डलमा यस क्षेत्रका सङ्घीय सांसद प्रकाश पाठकसहित अस्पतालका प्रतिनिधि सहभागी थिए । टोलीले परिषद्ले तोकेको शुल्क लिएर पूर्वाधार तयारीको अनुमति प्रदान गरी स्थलगत निरीक्षण गरिदिन आग्रह गरेको थियो ।

मन्त्रीसँगको भेटमा सिटिइभिटीको उपाध्यक्ष पद रित्त रहेकाले नियुक्तिपछि बोर्ड बैठकबाट प्रस्ताव अघि बढाउने विषयमा छलफल भएको नर्सिङ अधिकृत पौडेलले बताउनुभयो । "शिक्षामन्त्रीबाट सकारात्मक प्रतिक्रिया पाएका छौँ । सिटिइभिटीको उपाध्यक्ष नियुक्त भएपछि बोर्ड बैठकबाट प्रस्ताव पारित गरेर आवश्यक प्रक्रिया पूरा गर्दै मन्त्रिपरिषद्बाट निर्णय गराउने आश्वासन पाएका छौँ," उहाँले भन्नुभयो ।

प्रतिनिधिसभा सदस्य इन्दिरा रानामगरले पनि भद्रपुर प्रादेशिक अस्पतालमा नर्सिङ कलेज सञ्चालनका लागि शिक्षा तथा खेलकुदमन्त्री पोखरेल र स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतासँग छलफल गरी पहल गरिरहनुभएको छ । उहाँले आवश्यक सरकारी निर्णयका लागि सहजीकरण गर्ने बताउनुभएको छ ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जयकुमार गुप्ताले नयाँ भवनबाट सेवा सञ्चालन भएपछि खाली रहेको पुरानो भवनलाई नर्सिङ कलेजका लागि उपयोग गर्न सकिने बताउनुभयो ।

"नर्सिङ कलेज सञ्चालनका लागि आवश्यक कक्षाकोठालगायत संरचना पुरानो भवनबाटै व्यवस्थापन गर्न सकिन्छ," गुप्ताले भन्नुभयो, "अस्पतालमा भौतिक पूर्वाधार र आवश्यक जनशक्ति रहेकाले कार्यक्रम सञ्चालन गर्न सहज हुने विश्वास छ ।"

प्रक्रिया पूरा भए आगामी शैक्षिक वर्षदेखि भद्रपुर प्रादेशिक अस्पतालमै प्रमाणपत्र तहको नर्सिङ अध्ययन सुरु हुने अस्पतालको अपेक्षा छ । रासस

# दातृ निकायद्वारा सहयोग गर्ने प्रतिबद्धता



काठमाण्डु । भोटेकोशी नदीमा गएको बाढीले अपुरणीय क्षति पुऱ्याएपछि बाढी प्रभावितको उद्धार र पुनर्निर्माणका लागि विभिन्न दातृ निकायले आर्थिक सहयोग गर्न तत्परता देखाएका छन् ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेको सचिवालयका अनुसार नेपालका बाढीप्रभावितको उद्धार र पुनर्निर्माणका लागि आर्थिक सहयोग गर्न भारत, चीन र विश्व बैंकले तत्काल समन्वय गरेको जनाएको छ ।

विश्व बैंकका राष्ट्रिय निर्देशक डेविड सिस्लेनले अर्थमन्त्री वाग्लेसँगको कुराकानीमा विभिन्न स्रोतबाट आपतकालीन सहयोग स्वरूप नेपाललाई रु २५ अर्ब सम्म सहयोग गर्न सकिने जानकारी दिएको अर्थमन्त्रीको सचिवालयले जनाएको छ ।

छिमेकी मित्रराष्ट्र भारतले बाढीपीडितका लागि तत्काल चाहिने राहत सामग्रीहरू के-के हुन् भनी सरकारसमक्ष सूची पठाउन अनुरोध गरेको बताइएको छ । प्रधानमन्त्री, अर्थमन्त्रीलगायत अन्य वरिष्ठ मन्त्रीहरूसँग समन्वय गर्दै परराष्ट्रमन्त्री शिशिर खनालले भारतीय सहयोग सामग्री आज नै काठमाडौँ ल्याइने तयारी भइरहेको बताउनुभयो ।

त्यसैगरी छिमेकी मित्रराष्ट्र चीनले पनि तत्कालै नगद सहयोग गर्ने भएको छ । त्यसका लागि रकम पठाउने प्रक्रिया सुरु गर्न चिनियाँ राजदूत जाङ्ग माओमिङ्गले अर्थमन्त्रीमार्फत नेपाल सरकारलाई आग्रह गरेका छन् ।

अर्थमन्त्री वाग्लेले छिमेकी मुलुक र दातृ निकायको उदार सहयोगको प्रतिवद्धताप्रति सरकारका तर्फबाट आभार व्यक्त गर्दै अन्तर-सरकारी समन्वय गरी सहयोग मोडालिटीका सन्दर्भमा छलफल गरिरहेको बताइएको छ ।

आज बसेको मन्त्रिपरिषद् बैठकले रसुवा, नुवाकोट र धादिङका प्रभावित पालिकाहरूलाई 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषित गरेपछि घरेलु एवं बाह्य सहयोग जुटाउने बाटो खुलेको हो । रासस

# चोरीको मोटरसाईकलसहित २ जना पक्राउ

टुडे समाचारदाता

रौतहट । रौतहटको कटहरिया नगरपालिका५मा एकजनाको घरबाट चोरीको मोटरसाईकल बरामद भएको छ । चोरीमा संलग्न रहेको आरोपमा प्रहरीले उनको छोरासहित दुईजना लाई पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र ईलाका प्रहरी कार्यालय कटहरियाको संयूक्त टोलीले जिपिएसको आधारमा बुधवार बिहान ६ बजे कटहरिया ५ स्थित हरेन्द्र राय यादवको घरमा छापामारी घरभित्र लुकाइराखेको प्रदेश २-० ३)००७प ३६०० नम्बरको २२० सिसिको पल्सर मोटरसाइकल बरामद गरेको थियो ।

यादवले उक्त मोटरसाईकल घर अगाडी बुधवार राती बेवारिसे अवस्थामा रहेकोमा कान्छो छोरा १४ बर्षीय गोलु यादवले घरभित्र राखेको बताएपछि प्रहरीले गोलु लाई पक्राउ गरेको थियो ।

यादवले यस्तै मोटरसाईकल मेरो त्याक्टर चालकले चलाउँछ भनेको आधारमा प्रहरीले उनको ट्र्याक्टर चालक वडा १ भासेढवा घर भएका बर्ष २५ को नितेश यादव पक्राउ गरेको हो ।

पक्राउ परेका दुवैजना सहित बरामद मोटरसाईकल आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय चन्द्रनिगहपुर लागिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी बसन्त गौतमले बताएका छन् ।



चपुरबाट प्रहरीटोली संगै आएका मोटरसाईकल धनी गरुडा नगरपालिका ५ का राकेश कुमार गिरीका अनुसार यसै महिनाको १ गते दिउँसो चन्द्रनिगाहपुर स्थित प्रदेश २)०३)०२१ प ०९९४ नम्बरको मोटरसाइकल अशोका होटल अगाडी राखेर होटल भित्र खाना खान छिरेको थिए ।

होटल बाट खाना खाएर बाहिर निस्किँदा उक्त मोटरसाईकल त्यहाँ बाट चोरी भएको चपुर स्थित शुसी मार्ट सञ्चालक समेत रहेका गिरीले बताएका छन् । गाडी हटाएपछि ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका खोजिका लागि निबेदन दिएको थिएँ र प्रहरीले खोजी गरिरहेको थियो ।

गिरीका अनुसार चोरी हुनु दुईदिन अघि देखी बिग्रिएको मोटरसाईकलमा लगाईएको जिपिएस मङ्गलवार राती ९ बजेर ३६ मीनेटमा एकाएक सञ्चालित भएको थियो। लगत्तै ईप्रका चपुरमा जानकारी गराउँदा त्यहाँबाट प्रहरीटोलीको साथमा मोसा राखिएको हेरेन्द्र प्रसाद यादवको घर यकिन भएको थियो । प्रहरीले रातभरी उक्त घरको रेकी गरेको र बिहान उज्यालो हुनासाथ प्रहरीले मोटरसाईकल बरामद गरेको थियो। बरामद मोटरसाइकल को इन्जिन नम्बर चेचिस नम्बर मिलेको गाडी पनी मैरै रहेको बताए। तर मोटरसाइकल को नम्बर परिवर्तन भएको संगै केही स्वरूप परिवर्तन भएको अवस्थामा फेला परेको उनको भनाई छ ।

उक्त गाडी मंगलवार दिनभरि गरुडा कटहरिया ओहर दोहर भएको जिपिएस ले देखाएको गिरीको भनाइ छ। उता फतुवा बिजयपुर नगरपालिकामा कार्यरत शाखा अधिकृत हरेन्द्र प्रसाद यादवले कुनै आफन्तको होला भनेर झुकिएर उक्त मोटरसाइकल घरमा राखेको अरु कुनै किसिमको बदमासी नभएको दाबी गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमले बरामद मोटरसाईकल सहित पक्राउ परेका दुवैजना लाई अनुसन्धानका लागि ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर पठाईएको बताएका छन् ।

ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख डिएस्पी सत्यनारायण थापाले पीडित गिरीको जाहेरीको आधारमा पक्राउ परेका दुवैजना माथी चोरी सम्बन्धी मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको बताएका छन् । अनुसन्धान पछिमात्र वास्तविकता बाहिर आउने चोर कोहो त्यहाँ मोटरसाईकल कसरी पुग्यो त्यसबारे बताउन सकिने डिएस्पी थापाले जानकारी दिएका छन् ।

ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | परिश्रमको फल अरुले नै हत्याउन कोशिश गर्नेछन् । |
| वृष : | व्यापार व्यावसायमा भनेजस्तो आम्दानी हुने छैन । |
| मिथुन : | सेवा गर्ने अवसर प्राप्त हुने हुँदा मन प्रशन्न रहनेछ । |
| कर्कट : | स्वास्थ्य भरपर्दो रहनेछ । |
| सिंह : | नीति नियम तथा कानुन नमान्दा फन्दामा परिन सकिन्छ ध्यान दिनुहोला । |
| कन्या : | माया प्रेममा अविश्वास बढ्नेछ भने घरमा मनमुटाब सिर्जना हुनेछ । |
| तुला : | समय अत्यन्तै शुभ छ । |
| वृश्चिक : | समस्या समाधानका लागि चलिएका कदमहरु निरर्थक हुनेछन् । |
| धनु : | राम्रो कम्पनीबाट नोकरीको प्रस्ताव आउन सक्छ । |
| मकर : | पढाई लेखाईमा सफलता प्राप्त गर्न अलि बढिनै समय लगानी गर्नुपर्नेछ । |
| कुम्भ: | ब्यापारमा नयाँ विचारले तपाईलाई आर्थिक लाभ वृद्धि गर्नमा मद्दत गर्नेछन्। |
| मीन: | तपाईले आरोह अवरोहको समाना गर्नु पर्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वीरगञ्ज भन्सारको राजश्व संकलनमा सुधार

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयको राजस्व असुली र प्रगति दरमा निरन्तर सुधार आएको छ। भन्सार विभागले व्यावहारिक र वस्तुनिष्ठ लक्ष्य तोक्न थालेसँगै देशकै प्रमुख व्यापारिक नाकाको राजश्व असुलीमा सुधार आएको हो ।




गत तीन आर्थिक वर्षको साउन महिनाको तथ्यांक अनुसार लक्ष्य घटाइँदा वास्तविक संकलन र लक्ष्य प्राप्तिको प्रतिशत दुवै सकारात्मक बनेका छन् ।

चालू आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा विभागले २० अर्ब ५८ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य तोकेको थियो। उक्त अवधिमा १८ अर्ब ७७ करोड ७७ लाख ४२ हजार रुपैयाँ असुली भई लक्ष्यको ९१.२४ प्रतिशत प्रगति हासिल भएको छ ।

यसअघि आर्थिक वर्ष २०८१/८२ को साउनमा २१ अर्ब ५० करोड १८ लाख ८५ हजार रुपैयाँको उच्च लक्ष्य राखिँदा १५ अर्ब ९१ करोड ५४ लाख ६९ हजार रुपैयाँ (७२.११ प्रतिशत) मात्र संकलन भएको थियो ।

गत आर्थिक वर्ष २०८२/८३ को साउनमा लक्ष्य घटाएर २० अर्ब ९८ करोड २१ लाख ६६ हजार रुपैयाँ कायम गरिएपछि १८ अर्ब ४३ करोड ६१ लाख २२ हजार रुपैयाँ राजस्व उठेर प्रगति दर ८७.९० प्रतिशत पुगेको थियो ।

तीन वर्षको साउन महिनाको तथ्यांक विश्लेषण गर्दा विभागले मासिक लक्ष्यमा करिब ४.३ प्रतिशतले कटौती गरेको छ भने वास्तविक राजस्व संकलन १५ अर्ब ९१ करोडबाट बढेर १८ अर्ब ७७ करोड रुपैयाँ पुगेको छ। यसले समग्र राजस्व संकलनमा १७.९ प्रतिशतको वृद्धि दर्शाउँछ।

कार्यालयका अनुसार कुल असुलीमा मुख्य २० वटा वस्तुको योगदान प्रमुख रहेको छ। जसमा पेट्रोलियम पदार्थ पहिलो स्थानमा छ भने दोस्रो स्थानमा सवारी साधन तथा तिनका पार्टपूर्जा परेका छन् । पेट्रोलियम पदार्थ आयातबाट आव २०८१/८२ मा ८० अर्ब ९३ करोड र आव २०८२/८३ मा ८० अर्ब ६९ करोड रुपैयाँ राजस्व संकलन भएको थियो ।

त्यसैगरी सवारी साधनबाट आव २०८१/८२ मा २१ अर्ब ३८ करोड र आव २०८२/८३ मा २५ अर्ब ८८ करोड रुपैयाँ असुली भएको छ। फलाम तथा फलामजन्य सामग्री, मेशिनरी पार्टपूर्जा, कपडा, इलेक्ट्रिक मेशिन, मदिराजन्य पेय पदार्थ र प्लाष्टिकका कच्चा पदार्थ राजस्वमा योगदान दिने अन्य प्रमुख वस्तु हुन् ।

भन्सार नाकामा मालवस्तु आयातको प्रवाह बढेकाले चालू आवको पहिलो महिनामै राजस्व संकलनमा सुधारको संकेत देखिएको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी पूर्णप्रसाद लम्सालले बताए ।

सुरुवाती वर्षहरूमा महत्वाकांक्षी लक्ष्यका कारण प्रगति कमजोर देखिए पनि पछिल्लो समय वस्तुनिष्ठ लक्ष्य र व्यापारमा आएको क्रमिक सुधारले कार्यालयलाई लक्ष्यको नजिक पुऱ्याएको उनको भनाइ छ ।

# ढल्केवरमा तार भूमिगत गर्न सञ्चारकर्मीको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकाको मुख्य बजार ढल्केवरमा अव्यवस्थित रूपमा फैलिएका विद्युत् तथा सञ्चारका तार भूमिगत गर्न स्थानीय सञ्चारकर्मीहरूले माग गरेका छन् । बजार क्षेत्रमा झुन्डिएका तारका कारण जोखिम बढ्नुका साथै सहरी सौन्दर्यमा समेत असर परेको भन्दै उनीहरूले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका हुन् ।



मिथिला नगर पत्रकार सञ्जालको टोलीले ढल्केवर ग्रिड महाशाखामार्फत ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई ध्यानाकर्षणपत्र बुझाउँदै बजार क्षेत्र तथा प्रमुख सडक करिडोरमा भूमिगत केबलिङको व्यवस्था गर्न आग्रह गरेको हो ।

ढल्केवर राष्ट्रिय विद्युत् प्रसारण प्रणालीको महत्वपूर्ण केन्द्रका रूपमा रहे पनि बजारभित्र विद्युत्, इन्टरनेट र टेलिफोनका तार अस्तव्यस्त देखिने गरेको सञ्जालले जनाएको छ। ती तारका कारण पैदल यात्रु तथा सवारी आवागमनमा असहजता हुनुका साथै सार्वजनिक सुरक्षामा समेत चुनौती थपिएको उनीहरूको भनाइ छ ।

मिथिला नगरपालिकाको सदरमुकामसमेत रहेको ढल्केवरमा पछिल्लो समय तीव्र रूपमा सहरी तथा व्यापारिक गतिविधि विस्तार भइरहेको छ। पूर्व-पश्चिम राजमार्गसँगै जनकपुरधाम जोड्ने महत्वपूर्ण स्थान भएकाले यहाँ भविष्यमा पूर्वाधारको चाप अझ बढ्ने भन्दै तार व्यवस्थापनको काम तत्काल थाल्नुपर्ने सञ्चारकर्मीहरूको जोड छ ।

सञ्जालका अध्यक्ष विजयकुमार साहले सडक विस्तार वा अन्य विकास निर्माणका बेला बारम्बार तार सार्ने समस्या आउन नदिन दीर्घकालीन योजनाअनुसार भूमिगत विद्युतीकरण गर्नुपर्ने बताए। उनका अनुसार भूमिगत प्रणाली लागू भए बजार व्यवस्थित र आकर्षक देखिनुका साथै विद्युत् तथा सञ्चार सेवा सञ्चालनमा पनि थप सुरक्षा र विश्वसनीयता कायम गर्न सकिनेछ ।

उनले परियोजना अघि बढाउन प्राविधिक अध्ययन, सम्भाव्यता मूल्यांकन र आवश्यक बजेटको विस्तृत अनुमान तयार गर्नुपर्ने बताए। सम्बन्धित सरकारी निकाय तथा सेवा प्रदायकबीच समन्वय गरी चरणबद्ध रूपमा काम अघि बढाउनसमेत उनले आग्रह गरे ।

सञ्जालका सल्लाहकार विनोदकुमार महतोले ढल्केवरको राष्ट्रिय विद्युत् संरचनामा रहेको महत्वलाई ध्यानमा राखेर मिथिला नगर क्षेत्र, ढल्केवर बजार र मुख्य सडक खण्डलाई भूमिगत विद्युतीकरणको प्राथमिकतामा राख्नुपर्ने बताए। यस विषयमा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणको ध्यानाकर्षण गराइएको उनले जानकारी दिए ।

ध्यानाकर्षणपत्र बुझ्दै ढल्केवर ग्रिड महाशाखाका प्रमुख शुभनारायण मण्डलले सञ्चारकर्मीहरूले उठाएको विषयलाई सम्बन्धित माथिल्लो निकायमा पठाउने प्रतिबद्धता जनाए । ध्यानाकर्षणपत्र बुझाउने टोलीमा सञ्जालका अध्यक्ष साह र सल्लाहकार महतोसँगै पत्रकार राजकमल सिंह र फुलगेन मगही सहभागी थिए ।

# दलितमाथि अमानवीय व्यवहारको लागि छानबीन समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीका एक जना दलित युवकमाथि गरिएको अमानवीय व्यवहारको घटना छानविन गर्न तीन सदस्यीय समिति गठन गरिएको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीक प्रवक्ता डिएसपी वेदप्रसाद गौत्तमको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीले दिएको जानकारी अनुसार सर्लाहीको कविलासी गाँउपालिका वडा नम्बर ४ मा दलित समुदायका एक युवकलाई केही मानिसहरुले अमानवीय व्यवहार एवं निर्घात कुटपिट गरेको भिडियो समाजिक सञ्जालमा सार्वजनिक भएको थियो ।




घटना सार्वजनिक भएपछि प्रहरीले समिति गठन गरेको हो । छानविनबाट प्राप्त प्रतिवेदन अनुसार प्रचलित कानुन बमोजिम कारवाही हुने प्रहरीले जनाएको छ । प्रहरीले प्रसारित भिडियोको समबन्धमा सूचना दिन सर्वसधारणलाई अपिल गरेको छ ।

# बाढीपछि पशुजन्य रोग फैलिन नदिन विभागलाई मन्त्री चौधरीको निर्देशन

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले बाढीका कारण पशुचौपायामा रोग फैलिन सक्ने सम्भावनालाई मध्यनजर गर्दै आवश्यक रोकथाम तथा नियन्त्रणका उपाय तत्काल अवलम्बन गर्न पशु सेवा विभागलाई निर्देशन दिनुभएको छ ।

बाढीका कारण पशुचौपायाको आवतजावत तथा सम्पर्क बढ्न सक्ने र त्यसबाट सङ्क्रामक रोग फैलिन सक्ने जोखिम रहेकाले पशु स्वास्थ्यमा विशेष निगरानी तथा सतर्कता अपनाउन उहाँले निर्देशन दिनुभएको हो ।

विशेषगरी रसुवा, नुवाकोट तथा धादिङ जिल्लामा विशेष टोली परिचालन गरी पशु स्वास्थ्यसम्बन्धी निगरानी, रोग पहिचान, रोकथाम तथा नियन्त्रणका आवश्यक कार्य अघि बढाउन पशु सेवा विभागलाई उहाँले निर्देशन दिनुभयो ।

मन्त्री चौधरीले विपद्को समयमा मानव स्वास्थ्यसँगै पशु स्वास्थ्यलाई पनि समान प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

सम्भावित पशुजन्य रोगको जोखिम न्यूनीकरणका लागि सम्बन्धित निकायबीच प्रभावकारी समन्वय कायम गर्दै तत्काल आवश्यक कदम चाल्नुपर्नेमा उहाँको जोड थियो । रासस

# मिथिला संस्कृति र स्वादको संगम रेष्टुरेन्ट 'बाँस बाटिका'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधाम ७ जिरो माइलस्थित मिथिला संस्कृति तथा ग्रामीण वातावरण सहितको बाँस वाटिका भन्ने रेष्टुरेन्ट तथा पार्टी प्यालेस सञ्चालनमा आएको छ ।




बाँस वाटिकाको औपचारिक उद्घाटन बिहीवार बिहान १० बजे एक समारोहका बीच विभिन्न कार्यक्रमसहित मधेश प्रदेश सभाका सभामुख रामआशिष यादवद्वारा गरिने सञ्चालकले जनाएको छ । उद्घाटनको अवसरमा मिथिला कला, राखी तथा स्थानीय उत्पादन प्रदर्शनीसँगै विशेष तीज सांगीतिक कार्यक्रम आयोजना गर्ने भएको सञ्चालक समितिका नवीन साहले जानकारी दिएका छन् ।

साहले बुधबार पत्रकार सम्मेलन गरी प्यालेसको उद्घान बारे जानकारी दिएका छ्न । उद्घाटनसँगै स्थानीय कला, संस्कृति, उत्पादन र उद्यमशीलतालाई प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न कार्यक्रम आयोजना गरिने उनले बताए ।

'बाँस वाटिका रेस्टुरेन्ट वा पार्टी प्यालेसका रूपमा मात्र सीमित नरहोस् भन्ने हाम्रो उद्देश्य हो । यहाँबाट मिथिलाको कला, संस्कृति, स्थानीय उत्पादन, खानपान र आतिथ्यलाई प्रवर्द्धन गर्ने प्रयास गरेका छौं,' साहले भने ।

उद्घाटन समारोहको प्रमुख आकर्षणका रूपमा मिथिला कला, राखी तथा स्थानीय उत्पादन प्रदर्शनी आयोजना गरिने भएको छ । प्रदर्शनीमा स्थानीय कलाकार, हस्तकला व्यवसायी, उद्यमी तथा विभिन्न स्थानीय उत्पादकहरूले आफ्ना उत्पादन तथा सिर्जना प्रदर्शन गर्नेछन् ।

मिथिला चित्रकला, हस्तकला, राखी लगायत स्थानीय स्तरमा उत्पादित सामग्रीलाई प्रदर्शनीमार्फत प्रवर्द्धन गर्ने योजना रहेको साहले जानकारी दिए । स्थानीय कलाकार तथा उद्यमीलाई आफ्ना उत्पादनको प्रचारप्रसार तथा बजार विस्तारका लागि प्लेटफर्म उपलब्ध गराउने उद्देश्यले प्रदर्शनी आयोजना गर्न लागिएको उनले भने ।

स्थानीयस्तरमा धेरै प्रतिभा र उत्पादन छन् । तर, उनीहरूले आफ्नो कला र उत्पादन देखाउने पर्याप्त अवसर पाइरहेका हुँदैनन् । बाँस वाटिकालाई त्यस्ता कलाकार तथा उद्यमीका लागि पनि एउटा साझा मञ्चका रूपमा विकास गर्ने हाम्रो प्रयास रहेको उनले बताए ।

उद्घाटनकै अवसरमा विशेष तीज सांगीतिक कार्यक्रम समेत आयोजना गरिने भएको छ। नेपाली महिलाको प्रमुख सांस्कृतिक पर्वका रूपमा रहेको तीजको अवसरलाई लक्षित गर्दै सांगीतिक प्रस्तुति तथा मनोरञ्जनात्मक कार्यक्रम आयोजना गर्न लागिएको आयोजकले जनाएको छ ।

तीजको उत्सवमय वातावरणलाई थप जीवन्त बनाउने उद्देश्यले विभिन्न सांगीतिक तथा सांस्कृतिक प्रस्तुति रहने साहले जानकारी दिए । उनका अनुसार उद्घाटन कार्यक्रममा सहभागी हुने अतिथिहरूका लागि प्रवेश निःशुल्क रहनेछ । साथै सहभागीहरूलाई विभिन्न परिकार चाख्ने अवसरसमेत उपलब्ध गराइनेछ ।

# भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन बारे अन्तरक्रिया

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको पर्सा गाँउपालिकामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन विषयक स्थानीय तह स्तरीय एकदिवसीय अन्तरक्रिया कार्यक्रम गाँउपाकिाको सभाहलमा सम्पन्न भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासको आयोजनामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको हो ।




अन्तर्क्रिया कार्यक्रममा भ्रष्टाचारको प्रवृत्ति, प्रकृति र आयोगले दिएको स्थानीय तहसँग सम्बन्धित सुझाव, उजुरी पर्ने कारणहरुका बारेमा सहभागीहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासका शाखा अधिकृत अरुण बरालले जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा भ्रष्टाचारजन्य कार्य र सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राष्ट्र सेवकहरुलाई हुने सजाय भ्रष्टाचार निवारण ऐन २०५९ ले भ्रष्टाचारलाई कसुर मानी गरिने सजायबारे समेत शाखा अधिकृत बराललें उपस्थित कर्मचारी तथा जनप्रतिनिधीहरुलाई जानकारी दिएका छन् ।

अन्तर्क्रिया कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासले भने सर्लाहीको २० वटा स्थानीय तहहरु माथि आर्थिक वर्ष २०८२र ०८३ को असाढ मसान्त सम्ममा ४ सय २८ वटा उजुरी परेको शाखा अधिकृत बरालको भनाई थियो । जसमा २ सय ८० वटा उजुरी फछ्यौंट भएको छ, भने १ सय ४८ वटा उजुरी अझ फछ्यौंट हुन बाकी रहेको अधिकृत बरालको भनाई थियो ।

नगरपालिकाहरु मध्ये कविलासी नगरपालिकाको सबै भन्दा बढि उजुरी परेको छ । कविलासी नगरपालिका माथि ८५ वटा उजुरी परेको छ । जस मध्ये ६४ वटा उजुरी फछ्यौंट भएको छ, भने २१ वटा उजुरी अझ फछ्यौंट हुन बाकी रहेको अख्तियारले जनाएको छ ।

त्यस्तै ९ वटा गाँउपालिकाहरु मध्ये सबै भन्दा बढि उजुरी तिनवटा गाँउपालिकाहरु माथि परेको बताए । जसमा सबै भन्दा बढि उजुरी रामनगर गा.पा. माथि परेको छ । रामनगर गा.पा.माथि २७ वटा उजुरी परेकोमा २० वटा उजुरी फछ्यौंट भएको छ, भने ७ वटा उजुरी फछ्यौंट हुन बाकी रहेको छ ।

चक्रघटा गा.पा. माथि १७ वटा उजुरी परेकोमा ८ वटा उजुरी फछ्यौंट भएको छ, भने ९ वटा फछ्यौंट हुन बाकी रहेको छ। बसवरिया गा.पा. माथि पनि १७ वटा उजुरी परेकोमा १० वटा फछ्यौंट भएको छ, भने ७ वटा उजुरी फछ्यौंट हुन बाकी रहेको उनले बताए ।

सर्लाहीका स्थानीय तहहरु मध्ये सबै भन्दा कम उजुरी बिष्णु गाउँपालिका र पर्सा गाउँपालिकामाथि परेको छ। यो दुबै गा.पा. माथि जम्मा ४-४ वटा उजुरी परेकोमा बिष्णु गा.पा.को ३ वटा उजुरी फछ्यौंट भएको र एउटा उजुरी मात्र फछ्यौंट हुन बाकी रहेको छ। पर्सामाथि परेको जम्मा ४ वटा उजुरी मध्ये २ वटाको फछ्यौंट भएको र २ वटा उजुरी फछ्यौंट हुन बाकी रहेको शाखा अधिकृत बराललें जनाएको छ ।

मुख्यतह सरकारी कार्यालयहरु माथि उजुरी पर्नुको कारणहरुमा सूचना नदिनु, सूचना लुकाउन खोज्नु, काखा पाखा गर्ने प्रवृती र योजना विकासे कार्यको जानकारी सार्वजनिक नगर्नाले पनि बढि उजुरी पर्ने गरेको अख्तियारको भनाई छ ।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बर्दीवासका उपसचिव प्रकाश पोखरेलले भ्रष्टाचार मुक्त समाज निर्माण गर्न लोभलालच त्याग गर्दै कानुनले दिएको अधिकार प्रयोग गर्दै राष्ट्र निर्माण कार्यमा लाग्नुपर्ने धारणा राखेका थिए ।

वहाले थप्दै भने सर्लाहीको पर्सा गाँउपालिका माथि जिल्ला भरिकै स्थानीय तह मध्ये सबै भन्दा कम उजुरी परेकोमा यस पालिकाका कर्मचारी तथा जनप्रतिनिधीलाई उपसचिव पोखरेलले सबैलाई धन्यवाद व्यक्त गरे ।

राष्ट्र सेवक कर्मचारीले उजुरी पर्दैमा आतिनु हुदैन । कानुन बमोजिम कार्य गर्दै जानु पर्छ । राम्रो काम गर्नेले डराउनु पर्दैनन् । अख्तियार दुरुपयोग गर्ने वा गलत गर्ने कुनैपनि हालतमा नबच्ने उपसचिव पोखरेलको भनाई थियो ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन विषयक स्थानीय तह स्तरीय अन्तरक्रिया कार्यक्रम पर्सा गाँउपालिकाका अध्यक्ष धिरेन्द्र राय यादव (विस्पत) तथा प्रमुख प्रशासकीय अधिकृत थिंग बहादुर थापाले गाँउपालिकाको राम्रो कार्य प्रणाली प्रति सबै कर्मचारी, जनप्रतिनिधी र पर्सा गा.पा. वासीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै दुबै जनाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासले यस पालिकामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनस सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरि दिएकोमा आभार व्यक्त गरेका थिए । यस्ता कार्यक्रम निरन्तर हुनुपर्नेमा अध्यक्ष यादव (विस्पत) तथा प्रमुख प्रशासकीय अधिकृत थापाले जोड दिएका थिए ।

गाउँपालिका अध्यक्ष यादव, उपाध्यक्ष मण्डल, प्रमुख प्रशासकीय अधिकृत थापा, पालिका अन्तर्गतका वडा अध्यक्षहरु शाखा प्रमुख र सुरक्षा निकायका स्थानीय युनिट कार्यक्रममा उपस्थिति रहेको थियो । अन्तरक्रिया कार्यक्रमको अध्यक्षता अख्तियारका उपसचिव प्रकाश पोखरेलले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख अतिथि गाउँपालिका अध्यक्ष यादव रहेका थिए ।

# बाढीपहिरो प्रभावितको उद्धारमा जुट्न क्याप्टेन थापाको आह्वान


काठमाण्डु । एयरलाइन्स अपरेटर्स एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष क्याप्टेन रामेश्वर थापाले रसुवाको टिमुरे क्षेत्र तथा भोटेकोशी नदी आसपासमा गएको भीषण बाढीपहिरोबाट प्रभावितको उद्धार तथा राहतमा निरन्तर जुट्न हेलिकोप्टर सञ्चालक, पाइलट तथा चालक दललाई आह्वान गर्नुभएको छ ।



थापाले बाढीपहिरोबाट मृत्यु भएका नागरिकप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्नुभएको छ । उहाँले उद्धार तथा राहतकार्यमा खटिएका पाइलट, चालक दल, व्यवस्थापन, हेलिकोप्टर अपरेटर तथा सम्बन्धित व्यक्ति एवं निकायप्रति सम्मान व्यक्त गर्नुभएको छ ।

नेपालमा विपद् वा सङ्कट पर्दा हेलिकोप्टर उडान क्षेत्रले समुदायको सेवामा अग्रपङ्क्तिमा रहेर काम गर्दै आएको उल्लेख गर्दै उहाँले दुर्गम भूगोल, कठिन मौसम र चुनौतीपूर्ण परिस्थितिबीच पनि तत्काल उद्धार गर्नु नेपाली उड्डयन क्षेत्रको व्यावसायिक जिम्मेवारीसँगै मानवीय दायित्व भएको बताउनुभएको छ ।

हालको परिस्थितिमा सम्पूर्ण हेलिकोप्टर अपरेटर, क्याप्टेन तथा चालक दललाई उद्धारकार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिन थापाले आग्रह गर्नुभएको छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रदेश राजनीतिमा देखिएको द्वन्द्व

मुलुकको संघीय राजनीतिमा सत्ता समीकरण फेरिएसँगै त्यसको प्रत्यक्ष प्रभाव प्रदेश सरकारहरूमा पर्नु स्वाभाविक हो । नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच नयाँ गठबन्धन बनेपछि सातवटै प्रदेशमा सत्ता व्यवस्थापनको नयाँ अभ्यास शुरु भएको छ । अधिकांश प्रदेशमा कांग्रेस-एमाले गठबन्धन भत्किएर नयाँ समीकरण अनुसार सरकार पुनर्गठन भइरहेका बेला मधेश प्रदेशमा भने पुरानै सहकार्य कायम रहनु आफैँमा राजनीतिक सन्देश बोकेको विषय हो । मधेश प्रदेशमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) को सहकार्यमा सरकार सञ्चालन भइरहे पनि प्रदेशको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपाल सरकारबाहिर छ । जसपा नेपाल मधेश प्रदेशमा बलियो प्रमुख प्रतिपक्षी दलसमेत रहेको छ । जसपा नेपालको तत्काल सरकारमा सहभागी नहुने निर्णयलाई यसको प्रमुख कारणका रूपमा प्रस्तुत गरिएको छ । तर यसलाई केवल एउटा दलको निर्णयका रूपमा बुझ्नु पर्याप्त हुँदैन । संघीय सत्ता समीकरणमा हुने हेरफेरले प्रदेशमा राजनीतिक दलहरूबीचको सम्बन्ध, शक्ति सन्तुलन र सरकारको स्थायित्वलाई कसरी प्रभावित गर्छ भन्ने प्रश्न पनि यसले उठाएको छ । यसको अर्को उदाहरण लुम्बिनी प्रदेशमा देखिएको छ । सरकार गठनका क्रममा जसपा नेपालका प्रदेशसभा सदस्यहरूले पार्टी निर्णय विपरीत सरकारलाई समर्थन गरेपछि नेतृत्वले उनीहरूसंग दोश्रो पटक स्पष्टीकरण माग गरेको छ । सांसदहरू र पार्टी नेतृत्वबीचको यस्तो विवादले दलभित्रको लोकतान्त्रिक अभ्यास, अनुशासन र निर्वाचित जनप्रतिनिधिको भूमिकाबारे गम्भीर प्रश्न उठाउँछ । पार्टी अनुशासन आवश्यक भए पनि जनप्रतिनिधिको राजनीतिक निर्णय र मतदाताप्रतिको उत्तरदायित्वलाई पनि समान रूपमा सम्मान गर्नुपर्छ । मधेश प्रदेशमा कांग्रेस, एमाले र नेकपाबीचको सहकार्यलाई निरन्तरता दिने पक्षले बलियो प्रतिपक्ष आवश्यक रहेको तर्क गरेको छ । यो तर्क लोकतान्त्रिक दृष्टिले उचित हुन सक्छ । तर प्रदेश सरकारलाई प्रभावकारी बनाउने जिम्मेवारी सत्ता पक्ष मात्र हुँदैन । प्रतिपक्षको पनि त्यति दायित्व हुन्छ । विगतका कमजोरीलाई औंल्याउँदै नयाँ दल वा गठबन्धनलाई सरकार सञ्चालनको अवसर दिनु पर्छ । सुशासन, पारदर्शीता र जनउत्तरदायित्व व्यवहारमै स्थापित गर्नु पनि त्यतिकै आवश्यक हुन्छ । सत्ता समीकरण फेरबदलका क्रममा मुलुकको राजनीतिक फेरिँदै गर्दा दलभित्र पनि विवाद र अन्तरसंघर्ष देखिएको छ । सत्ता केन्द्रित राजनीतिकले सत्तापक्षीय दलमा कुसीको लडाई देखिनु सामान्य विवाद नै हो । तर सत्ता बाहिर आउनकै लागि जसपा नेपालमा विवाद हुनु र यसले पार्टीभित्रै अन्तरसंघर्ष चुलिनु अवश्य पनि सकारात्मक सन्देश भने होइन । यसलाई केन्द्रीयरुपमा समस्या देखिनु भन्दा पनि स्थानीयस्तरको आवश्यकता मागप्रति ध्यान दिनु पनि आवश्यक हुन्छ । केन्द्रको सत्ता समीकरण फेरिँदा प्रदेश सरकारहरू पनि बारम्बार अस्थिर हुने प्रवृत्ति संघीयताको दीर्घकालीन स्वास्थ्यका लागि शुभ संकेत भने पक्कै पनि होइन । प्रदेश सरकारलाई केन्द्रको राजनीतिक अंकगणितको छायामा मात्र राख्दा संघीय शासनको उद्देश्य कमजोर हुन्छ । त्यसैले दलहरूले सत्ता समीकरणभन्दा माथि उठेर प्रदेशको स्थायित्व, जनहित र सुशासनलाई प्राथमिकता दिन आवश्यक छ। सरकार बनाउने र ढाल्ने खेलभन्दा प्रदेशलाई बलियो, स्थिर र जनउत्तरदायी बनाउने राजनीतिक संस्कार अबको मुख्य आवश्यकता हो ।

# बढ्दो सामाजिक अपराध : एक समीक्षा



प्रा. डा. ऋषिकेश नारायण श्रेष्ठ

समाज भनेको असल र खराब दुवै प्रवृत्तिका मानिसहरूको साझा संरचना हो । जब समाजमा अपराधी प्रवृत्तिहरू हाबी हुन थाल्छन्, त्यसले समाजको शान्ति, स्थिरता, सुरक्षा र विकासलाई गम्भीर चुनौती दिन्छ ।

संसारको कुनै पनि समाज पूर्ण रूपमा अपराधमुक्त छैन । फरक यति हो कि विभिन्न देश र समाजमा अपराधका स्वरूप र प्रकृति फरक-फरक छन् । उदाहरणका लागि, अमेरिकामा बन्दुकसँग सम्बन्धित हिंसा र सामूहिक गोलीकाण्ड गम्भीर चुनौतीका रूपमा देखिन्छन् ।

भारतमा बलात्कार तथा महिला हिंसाका घटना गम्भीर सामाजिक चिन्ताको विषय बनेका छन् । मेक्सिकोमा लागुऔषध कारोबारसँग जोडिएको संगठित तथा हिंसात्मक अपराध चुनौती बनेको छ । हाइटीमा सशस्त्र गिरोहको हिंसाले राज्य र नागरिक जीवनलाई नै गम्भीर संकटमा पारेको छ । त्यस्तै, दक्षिण अफ्रिकामा हत्या, डकैती, यौन अपराध तथा अन्य हिंसात्मक अपराध लामो समयदेखि सामाजिक चुनौतीका रूपमा रहेका छन् ।

यी उदाहरणहरूलाई हेर्दा एउटा प्रश्न उठ्छ– शान्ति र सुरक्षा कहाँ छ? वास्तवमा शान्ति बाहिरबाट कसैले आएर कायम गरिदिने विषय होइन । राज्यले कानुन, सुरक्षा र न्यायको व्यवस्था गर्नुपर्छ; तर समाजमा शान्ति कायम गर्ने पहिलो जिम्मेवारी प्रत्येक नागरिकको हो ।

देश र समाजमा शान्ति र सुरक्षा ,सरकार वा सुरक्षा निकायले मात्र कायम गर्ने विषय होइन; व्यक्ति-व्यक्ति मिलेर निर्माण गर्ने सामाजिक संस्कार, समाजमा शान्ति कायम गर्ने एउटा महत्त्वपूर्ण आयाम हो । मानव जातिको मूल उद्देश्य केवल आर्थिक समृद्धि वा भौतिक विकास मात्र नभई , शान्त, सुरक्षित, न्यायपूर्ण र मानवीय समाज निर्माण गर्नु पनि हुनुपर्छ । अपराध नियन्त्रणको जिम्मेवारी राज्यको हो, तर अपराधरहित र शान्त समाज निर्माण गर्ने जिम्मेवारी हामी सबैको हो ।

संसारमा कतिपय देशमा अपराध सामान्य सामाजिक समस्याको सीमा नाघेर राष्ट्रिय संकट बनेका छन् । यसबाट एउटा महत्त्वपूर्ण कुरा बुझ्नुपर्छ–अपराध हुँदैमा समाज नै खराब हुँदैन र केही व्यक्ति अपराधी हुँदैमा सम्पूर्ण समाज अपराधी हुँदैन । प्रश्न यो हो कि समाज र राज्यले अपराधलाई कसरी नियन्त्रण गर्छन्, अपराधीलाई कानुनको दायरामा कसरी ल्याउँछन् र नयाँ अपराधी उत्पादन हुन नदिन सामाजिक वातावरण कसरी निर्माण गर्छन् ।

तर पनि समाजले शान्ति, आफ्नो अस्तित्व र सभ्यता कायम राख्न निश्चित नियम, मूल्य, मान्यता र कानुन बनाएको हुन्छ । ती नियम विपरीत गम्भीर अपराध गर्ने व्यक्तिमाथि अनुसन्धान र अभियोजनको प्रक्रिया अघि बढाइन्छ र अन्ततः अदालतको निर्णयबाट दोषी ठहरिएपछि कानुनअनुसार सजाय दिइन्छ ।

जेल तथा सुधारगृहको व्यवस्था पनि यही न्यायिक प्रणालीको एउटा महत्त्वपूर्ण अंग हो । यसको उद्देश्य अपराधीलाई सजाय दिनु मात्र होइन; समाजलाई सुरक्षित राख्नु, कानुनको शासन कायम गर्नु र सम्भव भएसम्म अपराधीलाई सुधार गरी पुनः समाजमा जिम्मेवार नागरिकका रूपमा फर्काउने वातावरण तयार गर्नु पनि हो ।

अपराधमुक्त समाज सम्भव नहोला, तर अपराध नियन्त्रण गर्न सक्ने, अपराधीलाई कानुनी दायरामा ल्याउन सक्ने र अपराधको सामाजिक आधार कमजोर बनाउन सक्ने सभ्य समाज अवश्य निर्माण गर्न सकिन्छ ।

त्यसैले प्रत्येक समाजको लक्ष्य "अपराध कहिल्यै नहुने समाज" को कल्पना मात्र गर्नु होइन; अपराध हुँदा पीडितले न्याय पाउने, अपराधीले कानुनअनुसार सजाय पाउने र समाजले भविष्यमा त्यस्तो अपराध दोहोरिन नदिने वातावरण निर्माण गर्नु हो । यही नै कानुनी शासन, सामाजिक जिम्मेवारी र सभ्य समाजको वास्तविक पहिचान हो ।



विश्वमा भइरहेका सामाजिक अपराधबाट हाम्रो देश पनि अछुतो रहन सकेको छैन । तर सामाजिक अपराधका घटनाहरूलाई जुन किसिमले केही अभियन्ताहरूले उचालिरहेका छन्, त्यसरी हेर्दा हालको नयाँ सरकार आउनुभन्दा पहिले यस्ता अपराधका घटना कहिल्यै नघटेको जस्तो गरी प्रस्तुत गरिरहेका देखिन्छ । अवश्य पनि, देशमा केही सामाजिक अपराधका घटनाहरू बढेका छन् । ती बढ्नुका धेरै कारणमध्ये दुईवटा परिदृश्यलाई यहाँ चर्चा गर्न गइरहेको छु ।

### दृश्य एक

हाम्रो देश नेपालमा पछिल्ला दिनहरूमा सामाजिक अपराधका घटनाहरू बढ्दै गएको देखिन्छ । बलात्कारपछि हत्यादेखि सामान्य विवादमा समेत ज्यान लिने घटना तथा मानवीय संवेदनशीलता र सहिष्णुता घट्दै जानु गम्भीर चिन्ताको विषय हो ।

यस्ता घटना भएपछि सामाजिक अभियन्ताहरू सडकमा उत्रिनु, आवाज उठाउनु र पीडितका पक्षमा बोल्नु स्वाभाविक र आवश्यक पनि हो । तर एउटा प्रश्न गम्भीर रूपमा उठाउनुपर्ने बेला आएको छ–घटना घटिसकेपछि सडकमा प्रदर्शन गरेर मात्र सामाजिक अपराध घटाउन सकिन्छ त ?

कतिपय अवस्थामा विरोध प्रदर्शन पीडितलाई न्याय दिलाउनेभन्दा पनि आफूलाई सामाजिक अभियन्ताका रूपमा प्रस्तुत गर्ने, सञ्चारमाध्यम र सामाजिक सञ्जालमा चर्चित हुने माध्यममा सीमित भएको देखिन्छ । यदि हाम्रो उद्देश्य वास्तवमै अपराध न्यूनीकरण र सभ्य समाज निर्माण हो भने, घटना घटिसकेपछि विरोध गर्नु मात्र पर्याप्त हुँदैन; घटना हुन नदिन सामाजिक वातावरण निर्माण गर्नु अझ महत्त्वपूर्ण हुन्छ ।

आज सामाजिक सञ्जाल हाम्रो समाजको अभिन्न हिस्सा बनेको छ । अर्कोतिर, सामाजिक सञ्जालको अनियन्त्रित र गैरजिम्मेवार प्रयोग पनि मुख्य समस्या बनेको छ । सामाजिक सञ्जाल समाजलाई जोड्ने माध्यम हुनुपर्नेमा समाजलाई भड्काउने, नागरिकलाई दुविधामा पार्ने र व्यक्तिगत वा समूहगत स्वार्थका लागि मानिसको भावनासँग खेल्ने थलो बनेको छ ।

भ्रामक तथ्य फैलाउने, कानुनी प्रक्रियालाई प्रभाव पार्ने गरी अफवाह फैलाउने र सस्तो लोकप्रियताका लागि मानिसहरूलाई उत्तेजित बनाउने कार्यले समाजमा अराजकता बढाएको छ । जबसम्म सामाजिक सञ्जालमा हुने यस्ता भ्रामक र उत्तेजक स्टन्टबाजीलाई नियन्त्रण र निरुत्साहित गरिँदैन, तबसम्म अपराधको मानसिक जग भत्किन सक्दैन ।

त्यसैले सामाजिक अभियन्ता हुनु भनेको केवल विरोध गर्नु होइन; समाजलाई सही दिशा दिनु पनि हो । युवालाई हिंसा होइन, संवाद सिकाउनु; विवादलाई कुटपिट होइन, कानुनी प्रक्रियाबाट समाधान गर्न प्रेरित गर्नु; महिलामाथि हुने हिंसाविरुद्ध निरन्तर जनचेतना फैलाउनु र सामाजिक सञ्जाललाई जिम्मेवार तथा मर्यादित बनाउन अभियान चलाउनु पनि सामाजिक अभियानकै हिस्सा हो ।

हामीले अब एउटा गम्भीर प्रश्न आफैंलाई सोध्नुपर्छ–हामी अपराधविरुद्ध लडिरहेका छौं कि अपराध भएपछि त्यसलाई प्रदर्शनको विषय बनाइरहेका छौं?

अपराध भएपछि विरोध गर्ने समाजभन्दा अपराध हुन नदिने संस्कार निर्माण गर्ने समाज आजको आवश्यकता हो । सभ्य समाज केवल कानुनले बन्दैन; जिम्मेवार नागरिक, संवेदनशील समाज र सही सामाजिक संस्कारले बन्छ ।

### दृश्य दुई

अपराधको पराकाष्ठा देख्दा समाजबाट "अपराधीलाई फाँसी दे" भन्ने आक्रोशपूर्ण आवाज उठ्नु मानवीय र स्वाभाविक प्रतिक्रिया हो । तर के फाँसी वा कडा सजाय मात्रै अपराध रोक्ने अचुक औषधि हो?

गम्भीर अपराधमा कानुनअनुसार कडा सजाय आवश्यक हुन सक्छ, तर अपराधको समाधान केवल सजायको कठोरतामा मात्र खोज्नु पर्याप्त हुँदैन । यसको पछाडि रहेको राज्यको फितलो प्रणालीलाई गम्भीरताका साथ मन्थन गर्नुपर्ने बेला आएको छ ।

अपराध एक्लै जन्मिँदैन; यसलाई मौलाउन विभिन्न कारणले भूमिका खेलेका हुन्छन् ।पहिलो, भ्रष्टाचार र कमजोर कानुन कार्यान्वयनः जब देशमा भ्रष्टाचार संस्थागत हुन्छ, तब न्याय बिक्री हुन थाल्छ । "ठूलालाई चयन, सानालाई ऐन" भन्ने परिस्थिति बन्दा अपराधीहरूमा कानुनको डर हराउँदै जान्छ । पहुँचवालाहरू अपराध गरेर पनि सजिलै छुट्ने परिपाटीले समाजमा दण्डहीनता बढाउँछ, जसले अरूलाई पनि अपराध गर्न हौसला दिन्छ ।

दोस्रो, बेरोजगारी र आर्थिक निराशाः युवाहरूमा रोजगारी र भविष्यको ग्यारेन्टी नहुँदा सिर्जना हुने निराशाले धेरैलाई गलत बाटोमा धकेल्न सक्छ । बेरोजगारीले मानसिक तनाव, लागूपदार्थको कुसङ्गत र ग्याङ/संगठित अपराधतिर आकर्षित गराउन सक्छ । आर्थिक अभावकै कारण ससाना विवादमा हिंसा र लुटपाटजस्ता घटनाहरू पनि घट्ने गर्छन् ।

तेस्रो, नेताहरूको राज्य सञ्चालन र राजनीतिक संरक्षण : नेताहरूले राज्य सञ्चालनलाई चुस्त बनाउनुको साटो आफ्ना कार्यकर्ता र आपराधिक चरित्रका मानिसहरूलाई राजनीतिक संरक्षण दिने गर्दा समाज असुरक्षित बनेको छ । राजनीतिक आडमा हुने अपराधले समाजमा मानवीय संवेदनशीलतालाई नै कमजोर बनाएको छ ।

चौथो, सामाजिक असमानताः धनी-गरिबबीचको अन्तरले असन्तोष जन्माउँछ, जुन कहिलेकाहीँ अपराधमा परिणत हुन सक्छ ।

अन्तमा अपराधीलाई सजाय दिनु राज्यको कर्तव्य हो । फाँसीको मागले तत्कालको आक्रोश व्यक्त गर्न सक्छ; तर यसले मात्र दीर्घकालीन समाधान दिँदैन । जबसम्म अपराध जन्माउने कारणहरू नियन्त्रण गरिँदैनन् र राज्य प्रणालीमा सुधार हुँदैन, तबसम्म अपराधको जग भत्किँदैन ।

अपराधीलाई रुखका पात छाँटेझैं सजाय दिएर मात्र पुग्दैन; अपराध जन्माउने 'जरा' अर्थात् राजनीतिक र सामाजिक खराबीलाई उखेल्नु नै दिगो समाधान हो । अपराधी मात्र बदल्ने होइन, अपराध जन्माउने वातावरण पनि बदल्नुपर्छ । यही दृष्टिकोणबाट मात्र सुरक्षित, न्यायपूर्ण र सभ्य समाज निर्माण गर्न सकिन्छ । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# नगरेको गल्तीको सजाय भोग्दै मुस्ताङवासी



मोहनसिंह लालचन

मुस्ताङ नेपालको उच्च हिमाली तथा ट्रान्स-हिमालय क्षेत्रमा पर्ने भएकाले जलवायु परिवर्तनका प्रभावप्रति अत्यन्त संवेदनशील अवस्थाबाट गुज्रिदैछ । यहाँ तापक्रम वृद्धि, वर्षा र हिमपातको स्वरूपमा परिवर्तन, हिमनदी तथा हिउँ पग्लिने क्रम, पानीका स्रोतमा परिवर्तन र चरम मौसमी घटनाले कृषि, पशुपालन, जैविक विविधता र स्थानीय जनजीवनमा प्रभाव पारिरहेका छन् ।

मुस्ताङमा जलवायु परिवर्तन केवल तापक्रम बढ्ने विषय मात्र होइन; यसले पानी, कृषि, पशुपालन, जैविक विविधता, संस्कृति, पर्यटन र स्थानीय अर्थतन्त्रलाई एकसाथ प्रभावित गरिरहेको छ । त्यसैले मुस्ताङका लागि स्थानीय ज्ञान र आधुनिक विज्ञानलाई जोडेर जलवायु उत्थानशील कृषि, पानी संरक्षण र जोखिम न्यूनीकरणमा आधारित दीर्घकालीन योजना आवश्यक छ । २०२५ को मुस्ताङ कृषि-जैविक विविधता सर्वेक्षणले पनि जलवायु परिवर्तनका कारण हिमनदी पग्लिनु, मौसमको स्वरूप परिवर्तन र हिमपातमा कमीले कृषि तथा पानीका स्रोतमा खतरा बढाएको उल्लेख गरेको छ ।

### वातावरणीय प्रभाव

मुस्ताङमा विगतका दशकमा तापक्रम बढ्दो क्रममा रहेको अध्ययनहरूले देखाएका छन् । मुक्तिनाथ क्षेत्रमा गरिएको अध्ययनमा १९८५-२०१६ बीच अधिकतम, न्यूनतम र औसत तापक्रममा क्रमशः वृद्धि देखिएको छ । तापक्रम वृद्धिसँगै हिमपातमा कमी र हिउँ पग्लिने समयमा परिवर्तन आउँदा वातावरणीय सन्तुलन तथा जनजीवनमा प्रत्यक्ष असर देखिएको छ ।

मौसम (पुस-माघ) मा हिउँ नपर्ने बेमौसम (चैत-वैशाख)मा हिउँ पर्ने गर्दा पानीका मुहानहरु सुक्न जाने तथा जमिनमा आद्रता नहुँदा सुक्खा पहिरो जाने समस्या देखिन थालेको छ । गर्मीयाममा हिउँ पर्दा चाँडै पग्लिने भएकाले पहाडमा हिउँमा मात्रा घट्न गई कालापथ्थरमा परिणत हुने गरेको छ । जाडोमा पर्याप्त हिमपात नहुने र हिउँ पहिलेभन्दा छिटो पग्लिने प्रवृत्तिले हिमाली जलचक्रमा असर पारेको छ । यसले सिँचाइ तथा खानेपानीमा दीर्घकालीन चुनौती सिर्जना गर्न शुरु भएको छ ।


जलवायु परिवर्तनसँगै पहिरो, हिमपहिरो, चट्टान खस्ने घटना तथा अन्य चरम मौसमी जोखिम बढ्न सक्छन् । हिमनदी तथा स्थायी हिउँ पग्लिँदा हिमाली भू-भाग अस्थिर हुने सम्भावनासमेत रहन्छ । तापक्रम र पानीको उपलब्धतामा आएको परिवर्तनले वनस्पति, चरन क्षेत्र तथा वन्यजन्तुको बासस्थानमा प्रभाव पारिरहेको छ । नीलो भेडा तथा हिमचितुवाजस्ता उच्च हिमाली वन्यजन्तुको बासस्थान र आहार प्रणालीमा समेत परिवर्तनको जोखिम देखिएको छ । यसको असर कृषि, पशुपालन, संस्कृति र जैविक विविधतामा समेत परेको छ ।

### जनजीवनमा असर

मुस्ताङको कृषि र बस्तीहरू सिँचाइका लागि स्थानीय मुहान, हिमपानी र मौसमी पानीमा निर्भर रहेका छन् । वर्षा र हिमपातको अनिश्चितताले मुहान तथा सिँचाइ प्रणालीमा पानीको उपलब्धता कम हुँदै गएको छ । पानीको मुहान सुक्न गएपछि तीन वर्षअघि लोमाङथाङको २७ घर परिवार बस्दै आएको सोमजुङ बस्ती सोसेरमा स्थानान्तरण गर्नुपरेको छ ।

तापक्रम तथा वर्षाको परिवर्तनले बाली लगाउने र भित्र्याउने समय परिवर्तन भएको छ । फापर, जौ, गहुँ, आलु, सिमी तथा फलफूलजस्ता स्थानीय उत्पादनमा मौसमको अनिश्चितताले जोखिम बढाएको छ । सन् २०००-२०१६ बीच थासाङ क्षेत्रमा कृषि भूमि प्रयोगमा उल्लेख्य कमी देखिएको एक अध्ययनले जनाएको छ । चरन क्षेत्र र घाँसको उपलब्धतामा परिवर्तन हुँदा याक, चौंरी, च्याङ्ग्रा तथा अन्य पशुपालन प्रभावित हुन सक्छ । यसले परम्परागत हिमाली जीविकोपार्जन प्रणालीमा असर पार्छ ।

मुस्ताङको प्रसिद्ध स्याउ खेतीमा तापक्रम परिवर्तनले खेतीयोग्य क्षेत्र र उत्पादन प्रणाली परिवर्तन गर्ने सम्भावना बढाएको छ । जिल्लाकै पहिचानको रुपमा रहेको स्याउको उत्पादन पनि विस्तारै घट्न थालेको छ । जिल्लाको तल्लो भेगमा उत्पादन कम हुँदै उपल्लो भेगतिर राम्रो उत्पादन हुन थालेको देखिन्छ । यसरी



उत्पादन सर्दै जाँदा केही वर्षमा जिल्लामा स्याउन नै नपाउने अवस्था आउनसक्ने जोखिम बढेको छ । केही स्थानमा बढ्दो तापक्रमले नयाँ तरकारी तथा फलफूल खेतीका अवसरसमेत सिर्जना गरेको देखिन्छ ।

तापक्रम बढेसँगै केही नयाँ कीरा, झिँगा तथा वनस्पति रोगको समस्या देखिएको अध्ययनमा उल्लेख छ । यसले कृषि उत्पादनको लागत र जोखिम बढाउन थालेको छ । मुस्ताङको पर्यटन प्राकृतिक सौन्दर्य, हिमाल, पदमार्ग, संस्कृति र मौसममा निर्भर छ । हिमपात, पहिरो, सडक अवरोध तथा चरम मौसमले पर्यटकको आवागमन र पर्यटन पूर्वाधारमा जोखिम बढाउन सक्छ ।

### अनुकूलनका उपायको खोजी

मुस्ताङमा जलवायु परिवर्तनसँग जुध्न जलस्रोत संरक्षण, वर्षाको पानी सङ्कलन, साना पोखरी निर्माण, जलवायु-मैत्री कृषि, स्थानीय बीउ तथा पशु नस्ल संरक्षण, कृषि क्यालेन्डरमा परिवर्तन, कीरा नियन्त्रण, सिँचाइ प्रणाली सुधार र प्रारम्भिक चेतावनी प्रणालीलाई प्राथमिकता दिन आवश्यक छ । स्थानीय समुदायले पहिले नै कृत्रिम पोखरी निर्माण, बाली लगाउने/भित्र्याउने समय परिवर्तन तथा कीरा नियन्त्रणजस्ता उपाय अपनाइरहेका छन् ।

आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढेसँगै जिल्लामा सवारी चापमा वृद्धि, फोहरमैलाको समस्या र वायु प्रदूषणको समस्या बढ्न थालेको छ । सदरमुकाम रहेको घरपझोङ गाउँपालिकाको पहलमा फोहरलाई मोहरमा परिणत गर्ने उद्देश्यले फोहरमैला सङ्कलन केन्द्र निर्माण गरिएको छ भने फोहर उठाउन पनि विद्युतीय रिक्साको प्रयोग गरिएको छ । प्रदेश सरकारसँगको साझेदारीमा फोहरबाट कम्पोस्ट मल उत्पादन गर्ने कार्य हुँदैछ । यस्तै इसिमोड र प्राक्टिकल एक्सन नामक संस्थाको सहयोगमा पालिकामा घरभित्रको धुवाँको प्रदूषण अन्त्य गर्न विद्युतीय चुलो, सौर्य तापीय प्रणालीजस्ता स्वच्छ ऊर्जाको प्रयोगमा जोड दिइएको छ । प्लास्टिकलाई न्यूनीकरण गर्न कपडाको झोलाको प्रयोगलाई अनिवार्य गरिँदैछ ।

जलवायु परिवर्तनको नकारात्मक असरसँगै तापक्रम वृद्धिका कारण मौसमी तथा बेमौसमी तरकारी खेती राम्रो उत्पादन हुन थालेको छ । जिल्लालाई अर्गानिक जिल्ला घोषणामा जिल्लामै उत्पादित तरकारीले नपुग्ने हुँदा बाहिरबाट तरकारी, फलफूललगायत अन्य खाद्यान्न ल्याउन पर्दा कठिनाइ भएको छ । जिल्लामा पर्यटकहरुको आगमन बढेसँगै सवारीसाधनको सङ्ख्या बढेकाले प्रदूषणको समस्या न्यून गर्न विभिन्न स्थानमा विद्युतीय चार्जिङ स्टेशन स्थापना गरिएको छ ।

### जलवायु सम्मेलनको आयोजना

जलवायु परिवर्तनका असर, चुनौती र अनुकूलनका उपायबारे साझा धारणा बनाउने उद्देश्यले मुस्ताङको घरपझोङ गाउँपालिकाले यही भदौ ३० र ३१ गते राष्ट्रियस्तरको जलवायु सम्मेलन आयोजना गर्ने तयारी गरेको छ । सम्मेलनमा देशभरका ७५३ वटै स्थानीय तहको सहभागिता रहनेछ । सम्मेलनबाट हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनले पारेका प्रभाव, स्थानीय तहले भोगिरहेका जलवायुजन्य विपद् र समस्याको पहिचान गरी जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलनका साझा रणनीति बनाउने, स्थानीय तहहरूबीच अनुभव र ज्ञान आदान-प्रदान गर्ने तथा राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ध्यान जलवायु सङ्कटतर्फ आकर्षित गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सम्मेलनको अन्त्यमा जारी गरिने 'घरपझोङ घोषणापत्र २०८३' मार्फत जलवायु परिवर्तनका असरविरुद्ध स्थानीय तहको साझा प्रतिबद्धता प्रस्तुत गर्ने लक्ष्य राखिएको छ । गत वर्ष भदौ ३० र ३१ गते तय गरिएको यस किसिमको सम्मेलन भदौ २३ र २४ को 'जेनजी' आन्दोलनका कारण स्थगित भएकामा यस वर्ष आयोजना गरिएको हो । जलवायु परिवर्तनका कारण यहाँ हिमपातको स्वरूपमा परिवर्तन, पानीका मुहान सुक्ने, चरन क्षेत्र घट्ने, हिमपहिरो, बाढी-पहिरो तथा नदी कटानजस्ता समस्याबाट बढी प्रभावित मुस्ताङको कालीगण्डकी नदी किनार, मुक्तिनाथ क्षेत्र र नीलगिरि हिमालको पृष्ठभूमिमा सम्मेलन आयोजना गर्दा सहभागीहरुले हिमाली क्षेत्रका समस्याको प्रत्यक्ष अनुभूति गर्नसक्ने र समाधानका विभिन्न उपायहरुका बारेमा पनि व्यापक छलफल गर्नसक्ने अवसर हुन सक्दछ ।

यस जलवायु सम्मेलन मुस्ताङको मात्र समस्या उठाउने कार्यक्रम नभई हिमालदेखि तराईसम्मका स्थानीय तहलाई एउटै मञ्चमा ल्याएर जलवायु न्याय र सामूहिक समाधान खोज्ने राष्ट्रिय पहलका रूपमा महत्वपूर्ण अवसरको रुपमा हेरिएको छ । स्थानीय जनताले नगरेको गल्तीको सजाय कसरी पाइरहेका छन् भन्ने अनुभूति पनि राष्ट्रिय अन्तरराष्ट्रिय स्तरमा गराउन सम्मेलन उपयोगी हुनसक्छ ।

# विपद्मा एकजुट भएर उद्धार र राहतमा जुट्न दलहरूको आग्रह

काठमाण्डु । प्राकृतिक विपद्को घडीमा राजनीतिक मतभेदभन्दा नागरिकको जीवनरक्षा पहिलो प्राथमिकता हुनुपर्नेमा विभिन्न राजनीतिक दलका प्रमुख सचेतकहरूले जोड दिनुभएको छ।

प्रतिनिधिसभाको आकस्मिक समयमा दलका प्रमुख सचेतकहरूले सभामुखमार्फत रसुवा बाढी विपद्मा सरकारलाई तत्काल उद्धार, राहत र उपचारमा राज्यका सबै संयन्त्र परिचालन गर्ने ध्यानाकर्षण गराउँदै राजनीतिक दल र सामाजिक सङ्घसंस्थासहित सिङ्गो समाजलाई विपद् व्यवस्थापनमा एकताबद्ध गर्ने आह्वान गर्नुभएको हो।

उहाँहरूले तत्कालीन राहतसँगै विपद्को पूर्वतयारी, जोखिम न्यूनीकरण, पुनर्निर्माण र जलवायु अनुकूलनलाई राज्यको दीर्घकालीन प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेसका प्रमुख सचेतक वासना थापाले विपद्का बेला राज्यले तत्काल प्रभावित क्षेत्रमा पुगेर नागरिकलाई सरकार आफ्नो साथमा रहेको अनुभूति गराउनुपर्ने बताउनुभयो । उहाँले कांग्रेस पनि प्रभावित क्षेत्रमा पुगेर उद्धारमा सक्रिय रहेको उल्लेख गर्दै बेपत्ताको खोजी, घाइतेको उपचार, विस्थापित परिवारको सुरक्षा तथा प्रभावित



क्षेत्रमा आवश्यक राहत सामग्री तत्काल पुऱ्याउन सरकारसँग आग्रह गर्नुभयो।

प्रमुख सचेतक थापाले भन्नुभयो, "विपद्को घडीमा राजनीति होइन, नागरिकको जीवनरक्षा पहिलो प्राथमिकता हो। उद्धार, राहत र उपचारका सम्पूर्ण संयन्त्र तत्काल परिचालन गरिनुपर्छ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमुख सचेतक ऐन महरले विपद्को सामना गर्न सरकारको अगुवाइमा सिङ्गो देश एक ठाउँमा उभिनुपर्ने बताउनुभयो। एमाले यसका लागि तयार रहेको उल्लेख गर्दै उहाँले राहत तथा उद्धारका लागि सरकार सशक्त रूपमा परिचालित हुनुपर्ने र राजनीतिक दल, मानव अधिकारकर्मी, सङ्घसंस्था तथा भ्रातृ सङ्गठनलाई समेत राष्ट्रिय रूपमा आह्वान गरेर अघि बढ्न आग्रह गर्नुभयो । उहाँले उद्धार, राहत र घाइतेको उपचारको काम युद्धस्तरमा अघि बढाउनुपर्ने बताउँदै विपद्बाट भएको जनधनको क्षतिको यथार्थ मूल्याङ्कन गरी सार्वजनिक गर्न सरकारसँग माग गर्नुभयो।

प्रमुख सचेतक महरले भन्नुभयो, "सरकारको अगुवाइमा सिङ्गो देश एक ठाउँमा उभिनुपर्छ। राहत र उद्धारको काम युद्धस्तरमा अघि बढाउनुपर्छ।" बाढी आउनुको कारण, पूर्वतयारीको अवस्था तथा कमजोरीको समेत यथार्थ जानकारी दिनुपर्ने उल्लेख गर्दै उहाँले पुनर्निर्माण र पुनःस्थापनाको काम अघि बढाउनुपर्ने तथा सदनबाट समवेदना प्रस्ताव पारित गर्नुपर्ने धारणा समेत राख्नुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रमुख सचेतक खुश्बु ओलीले विपद्को तत्कालीन उद्धार र राहतसँगै जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिमलाई दीर्घकालीन रूपमा सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । जलवायु परिवर्तन सिर्जना गर्न नेपालको योगदान नगण्य भए पनि हिमतालको जोखिम, बाढीपहिरो, हिमपहिरो तथा कृषि र पूर्वाधारमा हुने क्षतिको असर नेपालले भोगिरहेको उहाँको भनाइ थियो।

उहाँले पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने, जोखिमयुक्त हिमतालको नियमित अनुगमन गर्ने, जलवायुप्रतिरोधी पूर्वाधार निर्माण गर्ने तथा जोखिममा रहेका बस्तीको पूर्वतयारी र सुरक्षित स्थानान्तरणमा राज्यले ध्यान दिनुपर्ने बताउनुभयो। रासस

# बाढीमा परेकाहरूको युद्धस्तरमा खोजउद्धार गर्न आग्रह

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकको आकस्मिक समयमा सांसदहरूले रसुवाको भोटेकोशीबाट आएको बाढीले पारेको मानवीय र भौतिक क्षतिप्रति दुख व्यक्त गर्दै खोज उद्धार र राहतमा सक्रियता अपनाउन सरकारलाई ध्यानाकर्षण गराउनुभएको छ।



बैठकमा नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले भोटेकोशी नदीमा आएको बाढीले प्रभावित क्षेत्रमा युद्धस्तरमा उद्धारमा सक्रिय भएर लाग्नको लागि सरकारसँग अनुरोध गर्नुभयो । उहाँले बाढीप्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखालगायतका प्रभावित क्षेत्रमा युद्धस्तरमा उद्धार, राहत, क्षतिपूर्ति र पुनःस्थापनाको लागि लाग्न आब्हान गर्नुभयो।

"अहिलेसम्म बाढीले पुऱ्याएको क्षतिको लेखाजोखा गर्न बाँकी नै छ, अहिलेको अवस्थामा सरकारले उद्धारमा सक्रिय भएर लाग्नुपर्ने बेला भइसकेको छ," उहाँले भन्नुभयो, "अहिलेको कठिन परिस्थितिमा सरकारसँगसँगै विभिन्न राजनीतिक दलपनि साथसाथै रहेकाले पनि विपद्मा परेका जनताको उद्धार, राहत र पुनःस्थापनाको लागि सबै एकजुट भएर अघि बढ्न जरुरी छ।" सांसद केसीले नुवाकोट जिल्लामा १२ वटाभन्दा धेरै पक्कीपुलमा क्षति भएको बताउनुभयो।

नेपाली कांग्रेस एवं रसुवाबाट निर्वाचित सांसद मोहन आचार्यले राष्ट्रिय विपद् घोषणा गरेर उद्धार र राहतमा जुट्न सरकारसँग माग गर्नुभयो । "सडक सञ्जाल टुटेकाले हेलिकप्टरबाट मात्र उद्धार सम्भव छ," उहाँले भन्नुभयो, "आज विहान भोटेकोशी खोलामा आएको बाढीले रसुवागढीदेखि तलको तटीय क्षेत्रमा बस्ने वस्ती, पक्कीपुल र जलविद्युत् संरचनाहरू बगाएको छ। प्रारम्भिक अनुमान अनुसार ठूलो सङ्ख्यामा मानवीय क्षति भएको छ। यो ठूलो विपत्ति हो।"

नेकपा एमालेका सांसद प्राडा पुष्पराज कंडेलले बाढीको कारणले मानवीय, भौतिक सम्पत्ति, मनोविज्ञानमा ठूलो असर पारेको बताउनुभयो । "भौतिक सम्पत्तिमा धेरै क्षति भएको छ। मानवीयक्षतिको विस्तृत विवरण आएको छैन," उहाँले भन्नुभयो, "सरकारले राहत पुर्नस्थापन र उद्धार र पुर्ननिर्माणमा सक्रिय भएर लाग्नको लागि सरकारसँग माग गर्दछु।"

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद बसुमाया तामाङले भोटेकोशीमा आएको बाढीले घरखेत मात्र नभएर राष्ट्रिय महत्वका पुल, सीमा भन्सार, जलविद्युतलगायतका आयोजनामा क्षति पुऱ्याएकामा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सरकारले तत्काल हेलिकप्टर परिचालन गरेर बेपत्ताको खोजी गर्न र विस्थापितका लागि निःशुल्क खानपिन र अस्थायी बासस्थानको व्यवस्था गर्न माग गर्नुभयो।

नेपाली कम्युनिष्ट पार्टीका सांसद युवराज दुलालले सिन्धुपाल्चोक सीमा नाका कार्यरतलाई उद्धार गर्न निजी क्षेत्रका हेलिकप्टर परिचालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले विपद्मा कोही पनि पक्ष वा विपक्ष नहुने स्पष्ट गर्दै आफ्नो पार्टीको तर्फबाट खोज उद्धारमा सहयोग हुने प्रतिवद्धता व्यक्त गर्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सरस्वती लामाले प्रभावित नागरिकलाई सबैभन्दा पहिले उद्दार र बेपत्ताको खोजीमा सरकार गम्भिर भएर परिचालन गर्नको लागि माग गर्नुभयो। उहाँलेरसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाका विभिन्न सडक तथा अन्य पूर्वाधारमा क्षति भएको बताउँदै सोको विषयमा गम्भिर हुन सरकारसँग अनुरोध गर्नुभएको छ। त्यसैगरी नेपाली कांग्रेसका सांसद सीता थपलिया, नेकपा एमालेका सांसद गंगादेवि श्रेष्ठले प्रभावितलाई तत्कालिन उद्धार गरेर सुरक्षित ठाउँमा लैजानको लागि माग गर्नुभयो। रासस

# जनधनको क्षतिप्रति दुःख व्यक्त, प्रभावितको उद्धार, उपचार तथा पुनःस्थापनामा तत्काल कदम चालिने

काठमाण्डु । सरकारले रसुवा जिल्लाको रसुवागढी तथा तल्लो तटीय क्षेत्रमा भोटेकोशी नदीमा गएको भीषण बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावितको उद्धार, उपचार तथा पुनःस्थापनाका लागि तत्काल कदम चाल्ने निर्णय गरेको छ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद् बैठकले बाढीमा परी मृत्यु भएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ।

सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलका अनुसार सरकारले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासहित तत्काल निःशुल्क उपचारको व्यवस्था गर्ने निर्णय गरेको छ।

घाइते तथा विचल्लीमा परेका व्यक्तिको तत्काल उद्धार गरी सुरक्षित स्थानमा सार्न गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई जिम्मेवारी दिइएको छ । उद्धारका लागि नेपाली सेना तथा निजी क्षेत्रका हेलिकोप्टरसमेत परिचालन गर्ने र आवश्यक सबै साधन जुटाउन गृहमन्त्रीलाई निर्देशन दिइएको छ।

त्यस्तै, घर तथा निवास गुमाएका व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी खाने-बस्ने व्यवस्था गर्न गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित विपद् व्यवस्थापन समितिलाई जिम्मेवारी दिइएको छ।

बाढीका कारण अवरुद्ध सडक पुनः सञ्चालन तथा प्रभावित क्षेत्रमा आवश्यक खानेपानीको व्यवस्था गर्न पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिइएको छ। विद्युत् आपूर्ति र दूरसञ्चार सेवा पनि यथाशीघ्र सञ्चालन गर्ने निर्णय भएको छ।

बाढीमा मृत्यु भएकाहरूका परिवारलाई प्रचलित कानुनबमोजिम आर्थिक सहायता तत्काल उपलब्ध गराउने निर्णयसमेत सरकारले गरेको छ । क्षतिग्रस्त सार्वजनिक संरचना तथा भौतिक पूर्वाधारको तत्काल सञ्चालन र पुनर्निर्माणका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न अर्थमन्त्रीलाई समन्वयको जिम्मेवारी दिइएको छ।

सरकारले विपद्बाट प्रभावित जिल्लाका स्थानीय तहलाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ। उक्त घोषणा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम गरिएको हो। रासस

# मुख्यमन्त्री कार्यालयमा आपत्कालीन बैठक सुरु, मुख्यमन्त्री थापाद्वारा सावधानी अपनाउन अनुरोध



हेटौँडा । वागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरको अध्यक्षतामा अहिले मुख्यमन्त्री कार्यालयमा आपत्कालीन बैठक सुरु भएको छ।

रसुवामा आएको भीषण बाढीका कारण पुगेको क्षति र तत्काल उद्धार, खोजी एवं औषधोपचार र अन्य व्यवस्थापनका लागि आपत्कालीन बैठक सुरु भएको मुख्यमन्त्री थापा मगरले राससलाई जानकारी दिनुभयो।

आपत्कालीन बैठकमा प्रदेशका मन्त्री, सचिव, विपद् व्यवस्थापनसँग सम्बन्धित अधिकारी, प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुखहरू, विपद् क्षेत्रका प्रदेशसभा सदस्यहरू सहभागी हुनुहुन्छ।

विपद् प्रभावित क्षेत्रको अवलोकन गरी राहत-उद्धारको पूर्वतयारीको काम भइरहेको जानकारी दिँदै मुख्यमन्त्री थापा मगरले प्रदेशभित्रका बाढी प्रभावित क्षेत्रमा बसोबास गर्ने बासिन्दालाई सुरक्षित स्थानमा जान आह्वान गर्नुभयो।

मुख्यमन्त्री थापा मगरले भन्नुभयो, "बागमती प्रदेश सरकारले आवश्यक समन्वय गरी विपद्को घडीमा गर्नुपर्ने काम सम्पूर्ण गर्नेछ । त्यसका लागि आवश्यक तयारी भइरहेको छ । आपत्कालीन बैठक सकिनासाथ प्रभावित क्षेत्रको अवलोकन गरेर राहत एवं उद्धारमा कुनै कसर बाँकी राखिने छैन, त्यसैअनुसार प्रदेश सरकार अघि बढ्ने छ।" रासस

## जिल्ला रौतहट, मौलापुर नगरपालिका वडा नं. ०५. मौलापुरमा स्थापना भई संचालन हुने क्राँपसिन एग्रो केमिकल्स प्रा.लि.को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

मधेश प्रदेश रौतहट जिल्ला मौलापुर नगरपालिका वडा नं. ०५, मौलापुरमा स्थापना भई संचालन हुने क्राँपसिन एग्रो केमिकल्स प्रा.लि.ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः- क्राँपसिन एग्रो केमिकल्स प्रा.लि.<br>ठेगानाः- मौलापुर नगरपालिका वडा नं. ०५, मौलापुर, रौतहट<br>सम्पर्क नंः- ९७४७६२५४७७ |
| प्रस्तावको व्यहोरा : | मौलापुर नगरपालिका वडा नं. ०५, रौतहटको जग्गाको कि.नं.: १७६३ र १०४५ को जम्मा क्षेत्रफल ०-४-९.०६ (बिघा-कट्ठा-धुर) भएको जग्गामा कृषि पैदवारमा लाग्ने विभिन्न रोगहरुको किटनाशक औषधी, माईक्रोन्युट्रेनट तथा रसायनिक युक्त मलको उत्पादन, पैकेजिङ्ग तथा ट्रेडिङ्ग गर्ने प्रयोजनार्थ स्थापन हुने क्राँपसिन एग्रो केमिकल्स प्रा.लि.को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पाः | मौलापुर नगरपालिका |

माथी उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयः | मौलापुर नगरपालिका ५ नं. वडाको कार्यालय, मौलापुर, रौतहट |
| प्रस्तावकको नाम र ठेगानाः | नामः श्री क्रा'पसिन एग्रो केमिकल्स प्रा.लि.<br>ठेगानाः- मौलापुर नगरपालिका वडा नं. ०५, रौतहट<br>सम्पर्क नंः ९७४७६२५४७७ |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना ११ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय लाहानबाट तपशिलमा उल्लेखित ऋणीले डिमाण्ड लोन तथा व्यवसायिक अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **न्यू ऊँ ज्वेलर्स उद्योग** प्रोप्राइटर : चन्द्र कुमार बि.क. प्रा.फ.न.घ.उ.सि. : ५७२२/०७१/७२
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहा दर्ता मिति : २०७१/०४/०७
फर्मको ठेगाना : सिराहा जिल्ला असनपुर वडा नं. ७ स्थायी लेखा नं. : ६०२२४६९२३

**प्रोप्राइटरको विवरण**

हरिलाल बिश्वकर्माको नाति चतुर मान कामीको छोरा सप्तरी जिल्ला पिप्रा पश्चिम गा.वि.स. वडा नं. १ हाल, सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने **चन्द्र कुमार बि.क.** (ना.प्र.नं. : ७३६७/३१६८१ जारी मिति र जिल्ला : २०६२/०५/०१, सप्तरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

जितमान बिश्वकर्माको छोरी चतुर मान कामीको बुहारी चन्द्र कुमार बि.क.को पत्नी धनुषा जिल्ला बटेश्वर वडा नं. ४ हाल, सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने **सन्जु बिश्वकर्मा** (ना.प्र.नं. : १७३१०१/२४८ जारी मिति र जिल्ला : २०६३/१२/१२, धनुषा)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**

१) मिति २०७९ साल माघ महिना २३ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८० साल जेष्ठ महिना १ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रि सम्बन्धी २१ दिने
३) मिति २०८३ साल बैशाख महिना २३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
४) मिति २०८३ साल असार महिना १२ गतेको न्युज २४ राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने
५) मिति २०८३ साल साउन महिना १४ गतेको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| सन्जु बिश्वकर्मा | सिराहा जिल्ला जनदह वडा नं. ८ | ८ख | १६३ | १,८३२.८२ |
| | सिराहा जिल्ला असनसुर वडा नं. ९ | ९ | ३६८० | ९७.३५ |
| | सिराहा जिल्ला असनसुर वडा नं. ७ | ७क | १०२० | १२६.९७ |
| | सिराहा जिल्ला असनसुर वडा नं. ९ | ९ | ३६७८ | ५४६.०२ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल भदौ महिना १७ गते बुधबार भित्र यस बैकको शाखा कार्यालय लाहान आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल भदौ महिना १८ गते विहीबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय लाहानमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# छिमेकीसँगको कूटनीतिक संवादलाई तीव्रता दिँदै इरान



एएफपी । इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले छिमेकी मुलुकसँगको 'दृढ' कूटनीतिले शान्ति र स्थिरताप्रतिको इरानको प्रतिबद्धता पुष्टि गर्ने बताउनुभएको छ।

उहाँले सामाजिक सञ्जालमार्फत पाकिस्तानका सेना प्रमुख फिल्ड मार्शल सैयद आसिम मुनिर र ओमानका विदेशमन्त्री सैयद बदर बिन हमाद अल बुसाइदीसँग क्रमशः सोमबार र मङ्गलबार भएका वार्तामा क्षेत्रीय समाधानमा जोड दिइएको बताउनुभयो।

"नयाँ करिडोरका लागि प्रस्तावित रूपरेखा, संयुक्त रूपमा बारुदी सुरुङ हटाउनेकार्य र होर्मुजको भविष्यको व्यवस्थापन यसका उदाहरण हुन्," अराघचीले लेख्नुभएको छ।

इरान र ओमानले होर्मुज जलसन्धिमा अस्थायी संयुक्त जलमार्ग (सिपिङ करिडोर) स्थापना गर्ने तथा उक्त जलमार्गबाट बारुदी सुरुङ हटाउने संयुक्त परियोजना सञ्चालन गर्ने प्रस्ताव सार्वजनिक गरेपछि उहाँको यस्तो भनाइ आएको हो।

यसैबीच, अराघचीले मङ्गलबार कतारका प्रधानमन्त्री तथा विदेशमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान बिन जसिम अल थानीसँग टेलिफोन वार्ता गर्नुभएको छ। इरानी विदेश मन्त्रालयका अनुसार वार्तामा क्षेत्रीय घटनाक्रमबारे छलफल गर्दै तनाव थप बढ्न नदिन तथा क्षेत्रीय शान्ति र स्थिरता कायम गर्न कूटनीति र समन्वयमा जोड दिइएको थियो।

इरानी भू-भागमा इजरायल र संयुक्त राज्य अमेरिकाको संयुक्त आक्रमणपछि इरानले फेब्रुअरी २८ देखि होर्मुज जलसन्धिमा आफ्नो नियन्त्रण कडा बनाउँदै इजरायल र अमेरिकासँग सम्बन्धित वा उनीहरूको स्वामित्वमा रहेका जहाजको आवतजावतमा रोक लगाएको थियो।

गत महिना दुई देशबीच तनाव बढेसँगै, जुन १८ मा भएको अमेरिका-इरान समझदारीपत्र (एमओयू) अन्तर्गतको ६० दिने वार्ताको समयसीमा अगस्ट १७ मा समाप्त भएको थियो। यससँगै अन्तिम शान्ति सम्झौताको सम्भावना अनिश्चित बनेको छ।

# १४औँ सागमा ४ हजार बढीको सहभागिता हुने

**टुडे समाचारदाता**

काठमाण्डु। पाकिस्तानमा आयोजना हुन गइरहेको १४औँ दक्षिण एसियाली खेलकुद (साग) मा झन्डै ४ हजार भन्दा बढीको सहभागिता रहने भएको छ।




पाकिस्तानको इस्लामाबादमा आइतबार र सोमबार दक्षिण एसिया ओलम्पिक काउन्सिल (एसएओसी) को बैठकले प्रतियोगिताको मिति, खेल संख्या तथा आयोजनासँग सम्बन्धित विभिन्न विषयमा निर्णय गरेको नेपाल ओलम्पिक कमिटी(एनओसी) ले आज पत्रकार सम्मेलनमा जानकारी दिएको छ।

यसमा प्रारम्भिक अनुमानअनुसार १४औँ सागमा ३ हजार १ सय ७२ खेलाडी र १ हजार १९ जना अफिसियल गरी कुल ४ हजार १९१ जनाको सहभागिता रहनेछ। कुल ३ सय ४६ स्वर्ण, ३ सय ४६ रजत र ५ सय १५ कांस्य पदकका लागि प्रतिस्पर्धा हुनेछ।

नेपालबाट ५ सय ३२ खेलाडी र १ सय ५३ अफिसियल सहभागी हुने प्रारम्भिक अनुमान छ। त्यस्तै आयोजक पाकिस्तानबाट ६ सय ७० खेलाडी र २ सय २ अफिसियल, श्रीलंकाबाट ६ सय ७० खेलाडी र २ सय ५१ अफिसियल, बंगलादेशबाट ४ सय ८२ खेलाडी र १ सय २२ अफिसियलको सहभागिता रहने जनाइएको छ।

त्यस्तै भारतबाट ४ सय ७२ खेलाडी र २ सय २ अफिसियल, माल्दिभ्सबाट २ सय ६१ खेलाडी र ६८ अफिसियल तथा भुटानबाट ८५ खेलाडी र २१ अफिसियल सहभागी हुने अनुमान गरिएको छ।

पाकिस्तानमा आयोजना हुने १४औँ साग आगामी चैत २० देखि २८ गतेसम्म आयोजना हुने भएको छ। पाकिस्तानको इस्लामाबाद, लाहोर र पेशावर गरी तीन शहरमा प्रतियोगिता सञ्चालन गर्ने निर्णय भएको एनओसीले जनाएको छ।

सो बैठकमा एनओसी अध्यक्ष श्रेष्ठ, उपाध्यक्ष चतुरानन्द राजवैद्य तथा राष्ट्रिय खेलकुद परिषद्की कार्यकारी सदस्य सिक्का सुवाल श्रेष्ठ सहभागी भएका थिए। भारतका प्रतिनिधिले अनलाइनबाट सहभागी भएको जानकारी दिएको छ।

१४औँ सागमा कुल २८ खेल समावेश गरिनेछ। तीमध्ये २५ खेलमा पुरुष र महिला दुवैको सहभागिता रहनेछ। एथलेटिक्स, पौडी, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बिलियाड्‌र्स तथा स्नूकर, बक्सिङ, क्रिकेट, फेन्सिङ, फुटबल, गल्फ, ह्यान्डबल तथा बिच ह्यान्डबल, हकी, जुडो, कबड्डी, कराँते, रोइङ, रग्बी, सुटिङ, स्क्वास, टेबलटेनिस, तेक्वान्दो, टेनिस, ट्रायथलन, भलिबल तथा बिच भलिबल, भारोत्तोलन, कुस्ती र उसु समावेश छन्।

बिलियाड्‌र्स, हकी, रग्बी र बिच भलिबलमा महिला स्पर्धा समावेश भने गरिएको छैन। सो प्रतियोगिताको १५ खेल इस्लामाबाद, १० खेल लाहोर र तीन खेल पेशावरमा आयोजना हुनेछन्। उद्घाटन समारोह इस्लामाबादस्थित जिन्ना स्टेडियममा हुनेछ। करिब ५० हजार दर्शक क्षमताको उक्त रंगशालामा उद्घाटन समारोह आयोजना गर्ने तयारी गरिएको जनाइएको छ।

इस्लामाबादमा एथलेटिक्स, ब्याडमिन्टन, बास्केटबल, स्नूकर, फुटबल, कबड्डी, कराँते, रोइङ, स्क्वास, टेबलटेनिस, टेनिस, ट्रायथलन, भारोत्तोलन, उसु र सुटिङ आयोजना हुनेछ।

लाहोरमा बक्सिङ, क्रिकेट, फेन्सिङ, गल्फ, ह्यान्डबल, हकी, रग्बी, पौडी, तेक्वान्दो र कुस्ती तथा पेशावरमा आर्चरी, जुडो र भलिबल आयोजना गरिनेछ।

त्यस्तै दक्षिण एसियाली ओलम्पिक कमिटीको स्थायी सचिवालय नेपालमा राख्ने प्रस्तावलाई निरन्तरता दिइएको एनओसीले जनाएको छ। त्यस्तै सागलाई एसियाली खेलकुदअघि आयोजना गर्नुपर्ने नेपालको प्रस्ताव पनि कायम रहेको छ।

१४औँ साग निर्धारित समयमै सम्पन्न गराउन एनओसी का अध्यक्ष जीवनराम श्रेष्ठको संयोजकत्वमा 'साउथ एसिया ओलम्पिक काउन्सिल कोअर्डिनेसन कमिटी' गठन गरिएको छ।

समितिमा श्रीलंका, बंगलादेश र भुटानका महासचिव तथा ओलम्पिक काउन्सिल अफ एसियाका प्रतिनिधि सदस्य रहनेछन्। सागको इतिहासमा पहिलोपटक यस्तो समन्वय समिति गठन गरिएको एनओसीले जनाएको छ।

समितिले आयोजक राष्ट्रको ओलम्पिक कमिटी तथा सरकारसँग समन्वय गर्दै निर्धारित समयमा साग आयोजना गर्न आवश्यक सहयोग गर्नेछ।

एसएओसीको प्रतिनिधिमण्डलले पाकिस्तानको प्रधानमन्त्री कार्यालयअन्तर्गत युवा कार्यक्रमका अध्यक्षसँग भेट गरी १४औँ साग निर्धारित समयमै आयोजना गर्ने विषयमा छलफलसमेत गरेको थियो। पाकिस्तान पक्षले प्रतियोगिता निर्धारित समयमै हुनेमा शंका नगर्न आग्रह गरेको एनओसीले जनाएको छ।

इस्लामाबादमा प्रतियोगिताका लागि प्रस्तावित खेलस्थलहरूको निरीक्षणसमेत गरिएको एसएओसीका प्रतिनिधिले जनाएको छ।

# युरोपमा अमेरिकी सैन्य उपस्थितिबारे नेटोमा छलफल हुने

एएफपी। अमेरिकी उपरक्षामन्त्री एल्ब्रिज कोल्बीले युरोपमा तैनाथ अमेरिकी सेनाको समीक्षाबारे बिहीबार नेटो सहयोगी राष्ट्रका अधिकारीसँग छलफल गर्नुहुने भएको छ। युरोपबाट अमेरिकी सेना फिर्ता हुन सक्ने आशङ्काबीच उहाँले यस्तो छलफल गर्न लाग्नुभएको हो।




कोल्बीले ब्रसेल्सस्थित ३२ सदस्यीय नेटोको मुख्यालयमा सदस्य राष्ट्रका राजदूतसँग भेटवार्ता गर्नुहुनेछ।"संयुक्त राज्य अमेरिकाले आफ्नो सैन्य तैनाथीको समीक्षाका क्रममा सहयोगी राष्ट्रसँग परामर्श गरिरहेको छ," नेटोका एक अधिकारीले बुधबार बताउनुभयो।

वासिङ्टनले युरोपेली राष्ट्रलाई महादेशको परम्परागत सुरक्षाको प्रमुख जिम्मेवारी लिन आग्रह गर्दै गत जुलाईमा अमेरिकी सैन्य तैनाथीको छ महिनाको समीक्षा सुरु गरेको थियो।

पेन्टागन प्रमुख पिट हेगसेथले इरानसँगको युद्धमा युरोपेली राष्ट्रको प्रतिक्रियाप्रति अमेरिकी असन्तुष्टिबीच यो समीक्षा घोषणा गर्नुभएको थियो। युद्धको सुरुवातमा अमेरिकी सेनाले युरोपस्थित आफ्ना सैन्य आधार प्रयोग गर्न लगाइएको प्रतिबन्धप्रति पनि अमेरिकाले असन्तुष्टि जनाएको थियो।

युरोपेली कूटनीतिज्ञका अनुसार समीक्षा प्रक्रियाअन्तर्गत अमेरिकाले सदस्य राष्ट्रको रक्षा खर्च तथा अमेरिकी सेनाले प्रयोग गरिरहेका सैन्य आधारबारे जानकारी लिइरहेको छ।

एक युरोपेली कूटनीतिज्ञले बिहीबार "युरोप एकताबद्ध भएर अघि बढिरहेको सन्देश दिन आवश्यक रहेको" बताउनुभयो। उहाँले यो प्रक्रिया "सौन्दर्य प्रतियोगिता नभएको" टिप्पणी गर्नुभयो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले लामो समयदेखि युरोपेली राष्ट्रलाई रक्षा क्षेत्रमा बढी खर्च गर्न दबाब दिँदै आएको छ। अमेरिकाले चीनलगायत अन्य चुनौतीमा ध्यान केन्द्रित गर्न युरोपमा आफ्नो सुरक्षा जिम्मेवारी क्रमशः घटाउन चाहेको सङ्केत पनि गरेको छ।

पेन्टागनले नेटोको रक्षा योजनाका लागि उपलब्ध गराउने अमेरिकी सैन्य स्रोतको सङ्ख्या घटाउने जानकारी यसअघि नै सहयोगी राष्ट्रलाई दिइसकेको छ।

वासिङ्टनले गत मेमा जर्मनीबाट पाँच हजार अमेरिकी सैनिक फिर्ता गर्ने घोषणा गरेको थियो। तर, राष्ट्रपति ट्रम्पले पछि त्यति नै सङ्ख्यामा सैनिक छिमेकी पोल्यान्डमा पठाउने बताउनुभएको थियो।

युरोपेली राष्ट्रहरूले भने रक्षा बजेटमा व्यापक वृद्धि गरिरहेका छन्। उनीहरूले सन् २०२५ मा सन् २०३५ सम्म सुरक्षा क्षेत्रमा कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को पाँच प्रतिशत खर्च गर्ने ट्रम्पको मागमा सहमति जनाएका थिए।

# विश्व बेल्ट कुस्ती च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गर्दै त्रिलोक यादव

**टुडे समाचारदाता**

रौतहट। रौतहटका कुस्ती खेलाडी त्रिलोकी प्रसाद यादवले किर्गिस्तानमा आयोजना हुने विश्वस्तरीय कुस्ती प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने भएका छन्।



अगस्ट ३१ देखि सेप्टेम्बर ६ तारिखसम्म आयोजना हुने 'द वर्ल्ड नोमेड गेम्स' अन्तर्गत ग्र्र्र विश्व बेल्ट कुस्ती एलिट च्याम्पियनसिप तथा कुस्ती पहलवानी च्याम्पियनसिपमा यादवले पुरुष १०० केजीमाथिको तौल समूहमा प्रतिस्पर्धा गर्नेछन्।

रौतहट जिल्लाका यादवका लागि अन्तर्राष्ट्रिय स्तरको उक्त प्रतियोगिता आफ्नो खेल क्षमता प्रदर्शन गर्ने महत्वपूर्ण अवसरका रूपमा रहेको छ। नेपालको प्रतिनिधित्व गर्दै विश्वस्तरीय खेलाडीहरूसँग प्रतिस्पर्धा गर्न लागेका यादवले आफ्नो तौल समूहमा उत्कृष्ट प्रदर्शन गर्दै देशको नाम अन्तर ार्ष्ट्रिय खेल मञ्चमा चिनाउने लक्ष्य राखेका छन्।

प्रतियोगितामा सहभागी हुने नेपाली कुस्ती टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप), नेपाल ओलम्पिक कमिटी र नेपाल कुस्ती संघले संयुक्त रूपमा बिदाइ गरेका छन्। राखेपका सदस्य-सचिव रामचरित्र मेहताले आयोजित कार्यक्रमबीच नेपाली टोलीलाई बिदाइ गर्दै प्रतियोगिताका लागि शुभकामना दिएका छन्।

नेपाली टोलीमा यादवसँगै प्रशिक्षकका रूपमा मुम्ताज अली इद्रिसी सहभागी हुनेछन्। बिदाइ कार्यक्रममा नेपाल कुस्ती संघका अध्यक्ष प्रकाशकुमार कुसारी, महासचिव खगेन्द्रबहादुर बस्नेतलगायत पदाधिकारी तथा खेलकुद क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति थियो।

कुस्ती खेलमा रौतहटको प्रतिनिधित्व गर्दै आएका यादवले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको झण्डा बोकेर प्रतिस्पर्धा गर्ने अवसर प्राप्त गर्नुलाई जिल्लाको खेलकुद क्षेत्रका लागि समेत महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

# नेपाल 'ए' को दोश्रो जित




**टुडे समाचारदाता**

जनकपुरधाम। अस्ट्रेलियामा जारी टप एन्ड टी- २० खेल अन्तर्गत नेपाल' ए' ले दोश्रो जित प्राप्त गरेको छ। बुधबार भएको खेलमा नेपाललाई ई एसीटीलाई ४ विकेटले हराएको छ।

ई एसीटी कमेट्सले दिएको १ सय ४१ रनको लक्ष्य पछ्याएको नेपालले १९ ओभर २ बलमा ६ विकेत गुमाएर भेटाएको छ। डार्विनमा टस हारेर ब्याटिंग गरेको एसीटीले ९ विकेटको क्षतिमा १ सय ४० रन बनाएको थियो।

इस खेलमा नेपाल ए ले आफ्नो पहिलो खेलमा नर्दन टेरिटोरी स्ट्राइकसंग ८ विकेटले र बंगलादेश हाइ परफरमेन्ससंग ९ विकेटले पराजित भएको थियो। त्यस्तै तेश्रो खेलमा होबार्ट हरिकेन्स एकेडेमीलाई ३९ रनले हराएको थियो। सो प्रतियोगितमा ११ टोली सहभागी भएका छन्।

# अमेरिकाले विश्वव्यापी भिसा समय रोकेको रिपोर्ट

एएफपी। राष्ट्रपति डोनाल्ड ट्रम्प नेतृत्वको अमेरिकी प्रशासनले आप्रवासनसम्बन्धी छानविन कडा बनाइरहेका बेला विश्वभरका अमेरिकी दूतावास तथा वाणिज्य दूतावासमा भिसा अन्तर्वार्ताका लागि तोकिएका समय अस्थायी रूपमा रोकेको रोयटर्सले जनाएको छ। अमेरिकी विदेश मन्त्रालयले यो कदम भिसा अधिकारीहरूको विश्वव्यापी प्रशिक्षण कार्यक्रमसँग सम्बन्धित रहेको स्पष्ट पारेको छ।




विदेश मन्त्रालयका प्रवक्ताले विश्वभरका अमेरिकी कूटनीतिक नियोगमा भिसा आवेदन मूल्याङ्कनसम्बन्धी व्यापक प्रशिक्षण सुरु गरिएको र त्यसलाई समायोजन गर्न भिसा सेवाका लागि तोकिने समय परिवर्तन गरिएको बताएका छन्। अन्तर्वार्ता पुनः कहिलेदेखि सुरु हुनेछ वा नयाँ समय कहिले तोकिनेछ भन्नेबारे विभागले कुनै समयसीमा दिएको छैन।

सअघि नै अन्तर्वार्ताको समय पाएका केही आवेदकलाई तोकिएको समय रद्द गरिएको र नयाँ मिति तथा समयबारे पछि जानकारी दिइने भन्दै इमेल पठाइएको फाइनान्सियल टाइम्सले जनाएको छ। यसबाट विशेषगरी अमेरिका बाहिरबाट भिसा प्रक्रिया पूरा गर्नुपर्ने आप्रवासी भिसा आवेदकमा थप अनिश्चितता देखिएको छ।

विदेश मन्त्रालयका अनुसार प्रशिक्षणको उद्देश्य प्रत्येक भिसा आवेदकको अमेरिकी कानून तथा नियमअनुसार व्यापक र निरन्तर मूल्याङ्कन गर्न कन्सुलर अधिकारीलाई सक्षम बनाउनु हो। मन्त्रालयले आवेदक अमेरिकी सार्वजनिक सुविधामा निर्भर हुने सम्भावनालगायत पक्षको मूल्याङ्कनलाई समेत प्राथमिकता दिएको जनाएको छ।

ट्रम्प प्रशासनले दोस्रो कार्यकाल सुरु गरेयता आप्रवासन प्रवर्तनलाई तीव्र बनाउँदै भिसा तथा ग्रिन-कार्ड आवेदकको कडा छानविन, निर्वासन अभियान र शरणार्थी प्रवेशसम्बन्धी नीतिमा कडाइ गरेको छ। प्रशासनले अवैध आप्रवासन नियन्त्रण र आन्तरिक सुरक्षा सुदृढीकरणलाई आफ्नो प्रमुख उद्देश्य बताउँदै आएको छ।

गत वर्षदेखि आप्रवासी भिसा आवेदकले सामान्यतया आफ्नो नागरिकताको देशबाटै आवेदन प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था लागू गरिएको छ। अमेरिकामा कानूनी रूपमा बसिरहेका तथा काम गरिरहेका वा अमेरिकी पति, पत्नी वा सन्तान भएका केही आवेदकसमेत यसबाट प्रभावित भएका छन्।

ट्रम्पले सन् २०२४ को राष्ट्रपतीय निर्वाचन अभियानका क्रममा अवैध आप्रवासन रोक्ने प्रतिबद्धता जनाउनुभएको थियो। त्यसपछि उहाँको प्रशासनले कानूनी आप्रवासनमाथिको छानविन विस्तार गर्दै कडा भिसा परीक्षण, शुल्क वृद्धि तथा विदेशी कामदार र अन्य भिसा आवेदकमाथि विभिन्न प्रतिबन्ध लागू गरेको छ। केही आप्रवासनसम्बन्धी कारबाही राजनीतिक गतिविधि र प्यालेस्टाइन समर्थक सक्रियतासँग समेत जोडिएका छन्।

प्रशासनका नीतिले भने मानव अधिकार समूहको आलोचना र कानूनी चुनौती सामना गरिरहेका छन्। आलोचकहरूले केही व्यवस्थाले भेदभावपूर्ण अभ्यास बढाएको तथा अभिव्यक्ति स्वतन्त्रता र उचित प्रक्रियाको अधिकार प्रभावित गरेको आरोप लगाएका छन्।

यसैबीच, अगस्ट २१ मा एक अमेरिकी न्यायाधीशले ७५ देशका नागरिकलाई आप्रवासी भिसा जारी गर्न निलम्बन गर्ने ट्रम्प प्रशासनको नीति खारेज गरेका थिए। उक्त नीति विदेशमन्त्री मार्को रुबियोको वैधानिक अधिकारभन्दा बाहिर रहेको न्यायाधीशले फैसला गरेका थिए।

# हर्मुज खोल्न इरानको सर्त

एएफपी। इरान र ओमानले हर्मुज जलघाँटीमा अस्थायी नौवहन मार्ग सञ्चालन तथा समुद्री माइन सफा गर्ने विषयमा छलफल अघि बढाए पनि इरानले अमेरिका-इरान युद्ध अन्त्य र अमेरिकी नाकाबन्दी हटेपछि मात्र जलमार्ग पूर्ण रूपमा खोल्ने अडान राखेको छ।



तेहरानमा भएको वार्तामा इरानका विदेशमन्त्री अब्बास अराघची र ओमानका विदेशमन्त्री बद्र अलबुसाइदीले अस्थायी नौवहन मार्ग स्थापना तथा माइन हटाउने संयुक्त परियोजनासहित 'चरणबद्ध ढाँचा' बारे छलफल गर्नुभएको हो। अलबुसाइदीले अस्थायी मार्गबारे छिट्टै घोषणा हुन सक्ने बताउँदै स्थायी नौवहन, सूचना आदानप्रदान, यातायात व्यवस्थापन र सुरक्षासम्बन्धी विषयमा प्राविधिक वार्ता जारी रहने जानकारी दिनुभयो।

तर इरानका उपविदेशमन्त्री काजेम घारिबाबादीले हर्मुजबाट कुनै पनि सैन्य जहाजलाई आवागमन गर्न नदिने चेतावनी दिनुभएको छ। उहाँले अमेरिका युद्ध अन्त्य गरी नाकाबन्दी हटाएपछि मात्र जलघाँटी पुनः खोल्ने विषयमा अघि बढ्न सकिने बताउनुभयो।

सामान्य अवस्थामा हर्मुजबाट विश्वको करिब पाँचौं भाग तेल तथा तरलीकृत प्राकृतिक ग्यास निर्यात हुने गर्छ। लामो समयदेखि जारी क्षेत्रीय युद्धका कारण समुद्री यातायात प्रभावित हुँदा विश्व ऊर्जा बजारमा समेत असर परेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी नौसेनाले हर्मुजमा रहेका सबै माइन हटाएको दाबी गर्नुभए पनि घारिबाबादीले त्यसलाई अस्वीकार गर्दै अमेरिकी माइनस्वीपर प्रवेश गरे कारबाही गर्ने चेतावनी दिनुभयो।

यसैबीच, अमेरिकाले इरानमाथि थप प्रतिबन्ध घोषणा गरेको छ। अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले इरानलाई आर्थिक रूपमा अलग पार्ने अभियान जारी रहने बताउनुभएको छ। नयाँ प्रतिबन्धले डिजिटल सम्पत्ति, प्रविधि, सुन, उड्डयन तथा ढुवानी क्षेत्रलाई लक्षित गरेको छ। इरानले पनि अमेरिकी आर्थिक हितलाई लक्षित गरी जवाफ दिने चेतावनी दिएको छ।

हर्मुजको सम्भावित दीर्घकालीन अवरोधले विश्व व्यापार र ऊर्जा आपूर्तिमा थप असर पार्ने चिन्ता बढिरहेका बेला अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य भने बुधबार केही घटेको छ।

# सरकार र निजीबीचको सहकार्यबाट मात्रै समृद्धि सम्भव छः महानिर्देशक भुसाल



हेटौँडा । आन्तरिक राजस्व विभागका महानिर्देशक डा भीष्मकुमार भुसालले राज्य र निजी क्षेत्रको सहकार्यबाट मात्रै मुलुकको समृद्धि सम्भव हुने बताउनुभएको छ ।

आन्तरिक राजस्व कार्यालय हेटौँडाको समन्वय तथा मकवानपुर उद्योग वाणिज्य सङ्घको आयोजनामा बुधबार हेटौँडामा भएको करसम्बन्धी छलफल कार्यक्रममा उहाँले उद्योग तथा वाणिज्य क्षेत्रबिना कुनै पनि मुलुक समृद्ध हुन नसक्ने बताउनुभयो ।

"नीतिगत परिमार्जन लेखेर मात्रै हुँदैन, निजी क्षेत्रबाट प्राप्त सुझाव र पृष्ठपोषण पनि उत्तिकै आवश्यक हुन्छ", महानिर्देशक भुसालले भन्नुभयो, "यहाँ उठाइएका सबै विषयलाई महत्वका साथ सम्बोधन गरिने छ ।"

मकवानपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष प्रमोदसिंह रानाभाटले करसम्बन्धी समस्या समाधान तथा कर प्रशासनलाई व्यवसायीमैत्री बनाउन यस्ता छलफल उपयोगी हुने बताउनुभयो ।

कार्यक्रममा विभागका निर्देशक केशव रघुवंशी, आन्तरिक राजस्व कार्यालय हेटौँडाका प्रमुख कर अधिकृत युक्तप्रसाद सुवेदी, सङ्घका वरिष्ठ उपाध्यक्ष दीपक उप्रेतीलगायतले यस क्षेत्रमा देखिएका समस्या र समाधानका उपायका विषयमा केन्द्रित रही सुझावसहितको धारणा राख्नुभएको थियो । रासस

# कृषि कर्जासँगै किसानलाई वित्तीय र कृषि ज्ञान दिनुपर्नेमा जोड



काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले कृषि कर्जाको पहुँच विस्तारसँगै किसानले बुझ्ने भाषामा वित्तीय तथा कृषिसम्बन्धी चेतना अभिवृद्धि गर्नुपर्ने बताउनुभएको छ ।

कृषि कर्जाको वर्तमान अवस्था तथा सहुलियतपूर्ण कृषि कर्जा प्रवाहका क्रममा देखिएका समस्या, चुनौती र समाधानका उपायबारे मङ्गलबार आयोजित छलफलमा उहाँले कृषि क्षेत्रमा आधारभूत विषयलाई सरल र किसानमैत्री ढङ्गले बुझाउन आवश्यक रहेको बताउनुभएको हो ।

"कृषि पढेका युवालाई बैंक तथा वित्तीय संस्थामा रोजगारीका अवसर उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो, "यसले कृषि क्षेत्रका जनशक्तिलाई रोजगारीसँग जोड्नुका साथै बैंकबाट कृषि कर्जा प्रवाह गर्दा कृषि क्षेत्रको वास्तविक आवश्यकता र परियोजनाको मूल्याङ्कन गर्न सहज हुने भएकाले कृषि कर्जा प्रवाहलाई थप प्रभावकारी र व्यवस्थित बनाउन सहयोग पुग्छ ।"

उहाँले कृषि फार्म दर्ता, कर्जा प्राप्ति तथा सहुलियतपूर्ण कर्जाको प्रक्रियामा वास्तविक किसानले सहज रूपमा लाभ लिन नसकेको गुनासो आउने गरेको भन्दै आगामी नीतिमा यस्ता समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

मन्त्री चौधरीले बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा कर्जा दिनेमात्रै नभई किसानले उत्पादन गरेको वस्तुको बजार, सम्भावित उत्पादन र त्यसबाट प्राप्त हुने प्रतिफलसमेत हेर्नुपर्ने बताउनुभयो । उत्पादनपछि बजार व्यवस्थापन र मूल्य शृङ्खलालाई समेत जोडेर कृषि कर्जा प्रवाह गर्ने प्रणाली आवश्यक रहेको उहाँको भनाइ थियो ।

उहाँले कृषि क्षेत्रमा प्रविधिको प्रयोग, मूल्य अभिवृद्धि, जलवायु परिवर्तनका प्रभाव तथा परियोजना निर्माणसम्बन्धी ज्ञानको कमीलाई सम्बोधन गर्न बहुआयामिक रूपमा काम गर्नुपर्ने बताउनुभयो । मन्त्री चौधरीले साना किसानलाई कर्जा प्राप्तिमा देखिएका कागजी तथा धितोसम्बन्धी समस्यालाई सम्बोधन गर्नुपर्ने उल्लेख गर्दै कृषि कर्जालाई वास्तविक किसानसम्म पुर्याउन बैंकिङ तथा वित्तीय साक्षरता ग्रामीण तहसम्म विस्तार गर्नुपर्ने धारणा राख्नुभयो ।

त्यस्तै, वन पैदावारमा आधारित उद्योगलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाको नीतिगत सहजीकरण आवश्यक रहेको उहाँले बताउनुभयो । नेपाली वन पैदावारलाई अन्तरराष्ट्रिय बजारमा पुर्याउन वन पैदावारमा आधारित उद्योगको विकास र लगानीमैत्री नीति आवश्यक रहेको उहाँको भनाइ थियो ।

मन्त्री चौधरीले यस विषयमा नेपाल बैंकर्स एसोसिएसनलगायत बैंक तथा वित्तीय संस्थासँग थप छलफल गरी नीतिगत सहजता कायम गर्नुपर्ने बताउनुभयो ।

छलफलमा कृषि विकास बैंक, वाणिज्य बैंक, नेपाल राष्ट्र बैंक तथा सम्बन्धित सरोकारवालाले कृषि कर्जा प्रवाहमा देखिएका समस्या, धितो मूल्याङ्कन, बिमा, परियोजना डिजाइन, तथ्याङ्कको अवस्था, साना किसानको पहुँच तथा बजार र मूल्य शृङ्खला व्यवस्थापनका विषयमा धारणा राखेका थिए । रासस

## नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज दोहोरो अङ्कले घटेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३५ दशमलव ९२ अङ्कले घटेर दुई हजार ५५८ दशमलव ३५ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ  अङ्कले घटेर चार सय ५१ दशमलव ६६ मा पुगेको छ ।

त्यस्तै फ्लोट सूचक दुई दशमलव ६१ अङ्कले घटेर एक सय ७५ दशमलव ४३ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक दुई दशमलव ०९ अङ्कले घटेर एक सय ५२ दशमलव ५१ मा पुगेको छ ।

आज विभिन्न कम्पनीका एक करोड ३५ लाख ८२ हजार तीन सय २० कित्ता शेयर रु चार अर्ब ७७ करोड ३८ लाख ५७ हजार छ सय ५७ मूल्यमा खरिद बिक्री भएको छ ।

आज १३ उपसमूहमध्ये १३ वटै उपसमूह घटेको छ । आज २३ कम्पनीको शेयर बढ्यो भने दुई सय ५२ कम्पनीको शेयर घट्यो । त्यसैगरी तीन कम्पनीको शेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार आज सर्वोत्तम पेन्ट्स इन्डिष्ट्रज, अपर हेवा खोला हाइड्रोपावर कम्पनी, एभरेष्ट बैंक लिमिटेडका लगानीकर्ताले कमाएका छन् ।

त्यसैगरी आज रसुवागढी हाइड्रोपावर, मैलुङ खोला जलविद्युत् कम्पनी र त्रिशूली जलविद्युत् कम्पनीका लगानीकर्ताले गुमाएका छन् । रासस

# स्थानीय सरकार र नागरिक जोड्न 'डिजिटल प्लेटफर्म' सञ्चालन

काठमाण्डु । ओखलढुंगा जिल्लावासीलाई स्थानीय सरकार र सरकारी सेवासम्म सहज पहुँच पुऱ्याउने उद्देश्यले एक निःशुल्क डिजिटल 'प्लेटफर्म' सञ्चालनमा ल्याइएको छ ।

'ओखलढुंगा कनेक्ट' नामक सो डिजिटल प्लेटफर्म हालै सञ्चालनमा ल्याइएको हो । ओखलढुङ्गाकै स्थानीयवासी तथा सूचना प्रविधि (आइटी) उद्यमी जीवन श्रेष्ठले उक्त प्लेटफर्म यसै सातादेखि सञ्चालनमा आएको जानकारी दिनुभयो । यसले जिल्लाका नागरिक र स्थानीय सरकारबीच डिजिटल पुलको भूमिका निर्वाह गर्ने उहाँको भनाइ छ ।

नेपाली र अंग्रेजी दुवै भाषामा चलाउन सकिने यो 'वेब एप'मार्फत जिल्लाका सबै स्थानीय तहका सेवा तथा सूचनाबारे घरमै बसेर जानकारी लिन सकिने जनाइएको छ । यसका प्रमुख विशेषताका रुपमा सरकारी कार्यालयले दिने सेवाबारे जानकारी लिन 'सेवा गाइड', सरकारी कार्यालय र सम्बन्धित अधिकारीसँग सम्पर्क गर्ने 'डाइरेक्टरी'लगायत छन् । 'ओखल साथी' नामक च्याटबोटबाट जिल्लाका बारेमा सोधिने प्रश्नका जवाफ प्राप्त गरिने, आपतकालीन सूचना प्रणाली, यातायात, बजार र व्यवसायबारे जानकारी दिइने यस प्लेटफर्म निर्माता श्रेष्ठले बताउनुभयो । रासस





## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, गा.वि.स मानसिंहपट्टी वडा नं. ६ घर भई हाल धनुषा जिल्ला न.पा. हंसपुर वडा नं. ०१ बस्ने रघुनंदन मण्डलको नातीनी, पल्टु मण्ठल को छोरी वर्ष ६६ राम तोला देवी केवटीन को मिति २०८३/०४/०१ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४३४००१५६ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको श्रीमान राम असिस मण्डल ले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर– २, धनुषा
फोन ०४१–५९०२६०/५९०२६१



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, गा.वि.स.प्र.को महुवा वडा नं. ९ घर भई हाल धनुषा जिल्ला उप. महा.न.पा. जनकपुर वडा नं.१८ बस्ने नेयमा मण्डल को नातीनी, रमपैत मण्डल को छोरी वर्ष ७९ जुगती देवी को मिति २०८२/१२/२९ गते मृत्यु र श्रीमान धनपत मण्डलको मृत्यु भईसकेको हुनाले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४०३०००१३ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको जेठी छोरी राज देवी ले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५, दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर– २, धनुषा
फोन ०४१–५९०२६०/५९०२६१



**फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.**
**First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.**
*नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको थोक लघुवित्त कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था*
ब्लक नं. ४८३, चार्टर टावर, सानोगौचरन, पोष्ट बक्स २४८००, ज्ञानेश्वर, काठमांडौ
फोनः४५२५३५८, ४५२५३६१, फ्याक्सः४५२७०४६ ईमेलः info@fmdb.com.np

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने बारेको सूचना

(प्रकाशित मिति २०८३/०५/११ गते जनकपुर टुडे दैनिक)

यस फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड, ज्ञानेश्वर, काठमाडौँबाट कर्जा लिएको ऋणी श्री समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड, महोत्तरीले यस संस्थाबाट कर्जा (**कर्जा शिर्षकः–थोक लघुउद्यम/लघु कर्जा–आवधिक, कर्जा नं :– ००१००७६०TL**) उपभोग गर्दाका बखत संस्थालाई लेखिदिएको कर्जा तमसुक, कर्जा स्वीकृति पत्र/कर्जा सम्झौता वा करार, कर्जासँग सम्बद्ध शर्तवन्देजहरुको बर्खिलाप तथा उल्लंघन गरी लघु वित्त वित्तीय संस्थालाई निर्धारित भाखा अवधि भित्रैमा तिर्नु बुझाउनु पर्ने साँवा किस्ता, ब्याज, जे जो लागेको/लाग्ने हर्जाना ब्याज समेतको रकमहरु तिर्न बुझाउनकालागि लघु वित्त वित्तीय संस्थाको तर्फबाट पटक-पटक मौखिक एवं लिखित तर-ताकेता गर्दा समेत नतिरेकाले ऋणी तथा जमानीकर्ताहरुको नामावली समावेश गरी मिति २०८२/०७/२७ गते प्रकाशित राष्ट्रिय स्तरको दैनिक पत्रिका सौर्य दैनिकमा "**ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**" तथा मिति २०८३/०१/०४ गते राष्ट्रिय स्तरको दैनिक पत्रिका 'नयाँ पत्रिकामा' "**कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने बारेको सार्वजनिक सूचना**" मार्फत् लघु वित्त वित्तीय संस्थाको बाँकी बक्यौता कर्जाको रकम तिर्न बुझाउनका लागि पर्याप्त समय, मौका प्रदान गरिँदा समेत सो सूचना बमोजिम ऋणी तथा जमानतकर्ताहरु कसैले पनि ऋण/कर्जाको बाँकी बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई, बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस संस्थालाई लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति धितो जहाँ, जे, जस्तो अवस्था, स्थिति र परिमाणमा छ, सोही अवस्था, स्थिति र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं यस लघु वित्त वित्तीय संस्थाको नीति, नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा धितो लिलाम बिक्री गरी यस लघु वित्त वित्तीय संस्थाको लेना रकम असुल उपर गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता नभएमा धितोमा रहेका तपसिलका सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिन ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ, संस्थाले यो सूचना प्रकाशित भएको ३६ औं दिन देखि ५० औं दिनसम्ममा वा सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिनमा कार्यालय समयभित्र बोलपत्रवालाले धितो लिलाम सकार गर्न तपसिलको बुँदा नं. (ख) को शर्त बमोजिम धरौटी बापतको रकम तोकिएको बैंक खातामा जम्मा गरेको सक्कलै भौचर बोलपत्र साथ समावेश गरी रितपूर्वक भरिएको बोलपत्र फाराम यस लघु वित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, ज्ञानेश्वर, काठमाडौँमा आईपुग्ने गरी **गोप्य शिलबन्दी बोलपत्र** आवेदन पेश गर्न हुन आव्हान गरिन्छ । यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी, व्यक्तिगत तथा संस्थागत जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्तिहरुको धितो लिलाम बिक्री हुने दिन भन्दा अगावै यस लघु वित्त वित्तीय संस्थामा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण ऋण कर्जाको बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा चुक्ता भुक्तान गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । तसर्थ, उक्त लिलामी हुने दिनमा ऋणी, धितो जमानतकर्ता, बोलपत्रवाला वा निजहरुको प्रतिनिधिहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं । प्रस्तुत लिलाम बिक्री प्रक्र्याबाट धितोमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम यस लघु वित्त वित्तीय संस्था आफैँले धितो गैर-बैंकिङ सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट यस लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

**जमानीकर्ताहरुः**

| | |
|---|---|
| **श्री गिता काफ्ले** (ना.प्र.नं : २२६४/४६७५, सिन्धुली),**बाबुः** भवनाथ बराल, **बाजेः** जिवनाथ बराल, ठेगाना: आम्बोटे-०३, सिन्धुली (हालको ठेगाना: बर्दिबास न.पा-०४, महोत्तरी) | **श्री प्रतिमा कोइराला** (ना.प्र.नं: १८२६३४४६, महोत्तरी), **बाबुः** पदमराज शर्मा, **बाजेः** मेघराज उपाध्याय, ठेगाना: बिजलपुरा-०२, महोत्तरी (हालको ठेगाना : बर्दिबास न.पा-०१, महोत्तरी) |
| **श्री उमेश न्यौपाने** (ना.प्र.नं:३८/२०९९/२६९५,सिन्धुली), **बाबुः** श्री युवराज न्यौपाने, **बाजेः** रत्न प्रसाद न्यौपाने, ठेगाना: भीमान-०८, सिन्धुली (हालको ठेगाना : कमलामाई न.पा-११, सिन्धुली) | **श्री फुलमाया घिसिङ्ग** (ना.प्र.नं:६९७६/८६५२,सिन्धुली), **बाबुः**चन्द्र बहादुर घिसिङ्ग, **बाजेः** बिख बहादुर घिसिङ्ग, ठेगाना: शिद्देश्वर-०७, सिन्धुली (हालको ठेगाना : बर्दिबास न.पा-०८, महोत्तरी) |
| **श्री गोपी कृष्ण दाहाल** (ना.प्र.नं ३०६/०२९/३०, मोरङ्ग), **बाबुः** गोपाल प्रसाद दाहाल, **बाजेः** देवी प्रसाद दाहाल, ठेगाना : बिराटनगर-०२, मोरङ्ग (हालको ठेगाना : बर्दिबास न.पा-०१, महोत्तरी) | **श्री गिता देवी भण्डारी** (ना.प्र.नं १३३, महोत्तरी), **बाबुः** बलध्वज कार्की , **बाजेः** श्रीध्वज कार्की, ठेगाना: गौरीबास-०४, महोत्तरी (हालको ठेगाना : बर्दिबास न.पा-०४, महोत्तरी) |
| **श्री परमेश्वर महतो** (ना.प्र.नं: ६,महोत्तरी), **बाबुः** बलदेब महतो, **बाजेः** सघुनन्द महतो, ठेगाना: किसाननगर-०४, महोत्तरी (हालको ठेगाना : बर्दिबास न.पा-०७, महोत्तरी) | **श्री उषा देवकोटा** (ना.प्र.नं:४६४७२७७५/०५४/०१/०४, महोत्तरी), **बाबुः** राम प्रसाद तिमलसिना, **बाजेः**युवराज तिमलसिना, ठेगाना: पूर्व खयरमारा-४ महोत्तरी (हालको ठेगाना : बर्दिबास न.पा-११, महोत्तरी) |
| **श्री धनमाया** (ना.प्र.नं: १५८,महोत्तरी), **बाबुः** हर्क गधैली, **बाजेः** गर्वे गधैली, ठेगाना: बर्दिबास, महोत्तरी (हालको ठेगाना: बर्दिबास न.पा-०१, महोत्तरी) | **श्री सुनिता कुमारी सिंह** (ना.प्र.नं: ३३८१३५,महोत्तरी), **बाबुः** बिरेन्द्र नारायण सिंह, **बाजेः** दुखिलाल सिंह , ठेगाना: मेघनाथ गोरहन्ना, महोत्तरी (हालको ठेगाना: भँगहा न.पा-०७, महोत्तरी) |
| **श्री बिल्टु मण्डल** (ना.प्र.नं: ७०७३०५५, महोत्तरी), **बाबुः** अमेरी मण्डल, **बाजेः** मनिराम मण्डल, ठेगाना: किसाननगर-०४, महोत्तरी (हालको ठेगाना : बर्दिबास न.पा-०९, महोत्तरी) | **श्री सरोज कुमार सिंह** (ना.प्र.नं: ५०१, महोत्तरी), **बाबुः** पुरण सिंह (थारु), **बाजेः** मुखलाल सिंह थारु, ठेगाना: हतिसर्वा-०२, महोत्तरी (हालको ठेगाना : बर्दिबास न.पा-०१, महोत्तरी) |
| नेपाल सरकार सहकारी विभाग जिल्ला सहकारी कार्यालय धनुषा दर्ता २३६/२२, दर्ता मिति २०५९/०३/२८ मा दर्ता कायम **श्री समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड,** बर्दिबास १, महोत्तरी | **श्री राधा देवी** (ना.प्र.नं: ३६९८३०६३, महोत्तरी), **बाबुः** छविलाल सिंह थारु, **बाजेः** जनक सिंह थारु, ठेगाना: हतिसर्वा-०२, महोत्तरी (हालको ठेगाना : भँगाह न.पा-०६, महोत्तरी) |
| **श्री संझना कुमारी थापा** (ना.प्र.नं: ०४९७२६४५, महोत्तरी), **बाबुः** मीन बहादुर थापा, **बाजेः** कवी राज थापा, ठेगाना: हाथीलेट-०६, महोत्तरी (हालको ठेगाना : बर्दिबास न.पा-०८, महोत्तरी) | **श्री बिनोद कुमार यादव** (ना.प्र.नं: ८१९०२०९६, महोत्तरी), **बाबुः** राम सेवक यादव, **बाजेः** कोदई यादव, ठेगाना: सहोडवा-०२, महोत्तरी (हालको ठेगाना : पिपरा गा.पा-०५, महोत्तरी |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरुः–**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम यस लघु वित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, ज्ञानेश्वर, काठमाडौँबाट कार्यालय समय भित्र रु १००/( शुल्क तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३६ दिन देखि ५० औं दिन भित्र अर्थात मिति २०८३/०६/१५ गते देखि २०८३/०६/२९ गते अपरान्ह ५:०० बजेभित्र यस लघु वित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/३० गते दिनको १:०० बजे यस लघु वित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा धितो जमानतकर्ता, बोलपत्रवाला वा निजको प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर, उक्त दिनमा धितो जमानतकर्ता, बोलपत्रवाला वा निजको प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा, अड्चन पुग्ने छैन वा पुगेको मानिने छैन र लघु वित्त वित्तीय संस्थाको प्रतिनिधिहरुको उपस्थिति मात्रमा पनि सो बोलपत्र खोली आवश्यक प्रक्र्या अगाडि बढाउन, निर्णय गर्न वा अन्य बिषयमा थप कारवाही गर्न सकिनेछ ।
४. बोलपत्र बुझाउने अन्तिम दिन यस लघु वित्त वित्तीय संस्था विदा भएमा विदाको लगत्तै यस लघु वित्त वित्तीय संस्था खुलेको दिनमा समेत उक्त दिन दिनको १:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन यस लघु वित्त वित्तीय संस्था विदा भएमा विदाको लगत्तै यस लघु वित्त वित्तीय संस्था खुलेको दिन दिनको १:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको अचल सम्पत्ति जहाँ, जे, जुन, जस्तो, स्थिति, अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था, स्थिति र परिमाणमा खरिद गरिलिन ईच्छुक बोलपत्रवालाले खरिद गर्न कवोल गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति रकममा खरिद गर्न बोलकबुल गर्न खोजिएको हो, सो को बारेमा प्रष्ट रुपमा खुलाई पेश गर्नु पर्नेछ । तर अचल धितोको हकमा जोडिएर रहेको वा अलग्गै रहेको कुनै कित्ता जग्गामा आवत जावत गर्ने बाटोलाई बाधा अवरोध पुऱ्याउने किसिमको ब्यहोरा उल्लेख गरी बोलपत्र पेश भएमा यस लघु वित्त वित्तीय संस्थालाई स्वीकार्य हुने छैन, यस लघु वित्त वित्तीय संस्थाले गर्ने निर्णय नै अन्तिम निर्णय हुनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अङ्क तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापतको रकम यस लघु वित्त वित्तीय संस्थाले तोकिदिएको बैंक खातामा जम्मा गरेको सक्कलै भौचर बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ ।
७. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ ।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृति गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस लघु वित्त वित्तीय संस्थामा सुरक्षित रहनेछ । साथै, रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन र अमान्य हुनेछ ।
९. सम्बन्धित बोलपत्रवालाको नाममा बोलपत्र स्वीकृत भएमा सो को सूचना सम्बन्धित बोलपत्रवालालाई निजले यस लघु वित्त वित्तीय संस्थामा उपलब्ध गराएको ठेगानामा पत्राचार गरी वा ईमेलबाट जानकारी दिईनेछ । यसरी जानकारी पाएको मितिले **१५(पन्ध्र)** दिनभित्रमा सुरुमा बोलपत्र पेश गर्दा यस लघु वित्त वित्तीय संस्थामा जम्मा गरेको धरौटी रकम कट्टी गरी बाँकी रहन आउने जतिको सम्पूर्ण रकम सो अवधिभित्रै यस लघु वित्त वित्तीय संस्थालाई तिरी बुझाई बोलपत्रवालाले धितो लिलाम सकार गर्न मञ्जुर, सहमत गरेको अचल सम्पत्ति आफ्नो नाममा सम्बन्धित कार्यालयबाट नामसारी दाखिल खारेज गरी गराई लिई सक्नु पर्नेछ । सो अवधिभित्र बोलपत्रवालाले बाँकी हुने रकम यस लघु वित्त वित्तीय संस्थामा नबुझाएमा बोलपत्रवालाले धरौटी बापत बैंकमा जम्मा गरेको रकम यस लघु वित्त वित्तीय संस्थाले यसै बोलपत्र अर्थात् शर्त वन्देजहरुको आधार प्रमाणमा स्वत: जफत गरी आम्दानीमा बाँधी लिने अधिकार यस लघु वित्त वित्तीय संस्थामा सुरक्षित तथा निहित रहेकोछ । पछि यस सम्बन्धमा बोलपत्रवालाको कुनै उजूर वाजूर, नालेश, निवेदन, जिकिर लाग्ने छैन ।
१०. लिलाम सकार गरेको चल अचल सम्पत्ति जग्गा/घरजग्गाहरु सम्बन्धित निकाय, कार्यालय, अड्डा, अदालतबाट नामसारी दाखिल खारेज गराई लिँदा जे जो लाग्ने सरकारी राजश्व, कर, पूँजिगत लाभकर, दस्तुर लगायतको सम्पूर्ण किसिमका कानुनी, प्रशासनिक लगायतका सम्मूर्ण किसिमका खर्चहरु धितो लिलाम सकार गरिलिने बोलपत्रवाला स्वयंमले नै तिर्नु व्यहोर्नु पर्नेछ ।
११. बोलपत्र दाखिल भई सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्त वन्देजहरुमा कुनै हेरफेर हुने छैन । साथै, बोलपत्र स्वीकृत, अस्वीकृत वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सम्पूर्ण अधिकार, निर्णय, तजविज यस लघु वित्त वित्तीय संस्थामा निहित तथा सुरक्षित रहेको छ साथै बोलपत्र सम्बन्धी निर्णयको अन्तिम निर्णय तथा टुंगो नलागेसम्म धरौटी रकम बोलपत्रवालाई फिर्ता दिईने छैन र उक्त धरौटीको रकममा कुनै व्याज प्रदान गरिने छैन । कदाचित् बोलपत्रको निर्णय गर्न ढिलाई हुन गएको अवस्थामा सो रकममा व्याज रकमको दावी गर्न पाईने छैन ।
१२. बोलपत्र सदर वा बदर हुनु अगावै सम्बन्धित ऋणीले सम्पूर्ण कर्जाको बक्यौता रकम यस लघु वित्त वित्तीय संस्थालाई तिरे बुझाएमा प्राप्त बोलपत्रहरुलाई यसै बोलपत्रको आधार प्रमाणमा रद्द तथा अमान्य घोषित् गरी बोलपत्रसाथ सम्बन्धित बोलपत्रवालाले यस संस्थामा पेश गरेको धरौटी बापतको रकम फिर्ता गरिनेछ । यसमा बोलपत्रवालाले अन्यथा भयो भन्न पाईने छैन ।
१३. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस संस्थाको रजिस्टर्ड कार्यालय, ज्ञानेश्वर, काठमाडौँमा कार्यालय समय भित्रमा सम्पर्क गरी बुझ्न सकिनेछ ।
१४. बोलपत्रवाला फर्म/कम्पनी/संघ/संस्था भएकोमा निजको तर्फबाट आधिकारिक सञ्चालक समितिबाट बोलपत्र के, कति रकममा दाखिला गर्न चाहेको हो, सो तथा तत्सम्बन्धमा अख्यािरप्राप्त व्यक्तिको नामावली लगायत खरिद गर्न चाहेको धितो सुरक्षणको विवरण समेत प्रष्ट उल्लेख गरी प्रमाणित वा सक्कलै माईन्यूट, कभरिङ्ग लेटर, दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, प्रवन्धपत्र, नियमावली, साझेदारी फर्म भएमा साझेदारीको कवुलियतनामा, विधान, वा सम्बन्धित निकायबाट स्वीकृति चाहिने संघ वा संस्था भएमा सो स्वीकृति वा निर्णय लगायत सम्बद्ध सबै बोलपत्रसाथ संलग्न राखि दाखिला गर्नु पर्नेछ ।
१५. यसमा लेखिएको हकमा यसै बमोजिम हुनेछ र यसमा नलेखिएको वा उल्लेख गर्न छुट भएको कुरा वा बिषयमा यस लघु वित्त वित्तीय संस्थाले प्रस्तुत् बिषयमा लिने हरेक निर्णय तथा पत्राचार अन्तिम तथा अकाट्य हुनेछ ।

ग) **धितोमा रहेको अचल सम्पत्तिको विवरण :**

| |
|---|
| १. श्री मालपोत कार्यालय बर्दिवास महोत्तरीमा श्री समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड (२३६/२२, दर्ता मिति २०५९/०३/२८) को नाममा दर्ता कायम रहेको २५ नं. बहादुर गञ्ज-०१, महोत्तरी स्थित कित्ता नं. २३२३ को क्षेत्रफल ०-०-१५-० (बिघा ०-२०-२०-४/(२५३.५८ व.मी.) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत । |
| २. श्री मालपोत कार्यालय बर्दिवास महोत्तरीमा श्री संझना कुमारी थापा (ना.प्र.नं. ०४९७२६४५, महोत्तरी) को नाममा दर्ता कायम रहेको २५ नं. बहादुर गञ्ज-०३, महोत्तरी स्थित कित्ता नं. ४१५७ को क्षेत्रफल ०-०-४-० (६७.७३ व.मी.) र किता नं. ४१६३ को क्षेत्रफल ०-०-३-० (५०.८० व.मी.) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत । |
| ३. श्री मालपोत कार्यालय बर्दिवास महोत्तरीमा श्री विनोद कुमार यादव (ना.प्र.नं. ८१९०२०९६, महोत्तरी) को नाममा दर्ता कायम रहेको २५ नं. बहादुर गञ्ज-०१, महोत्तरी स्थित कित्ता नं. २६६७ को क्षेत्रफल ०-०-१६-० (बिघा (०-२०-२०-४/(२७०.९१ व.मी.) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत । |
| ४. श्री मालपोत कार्यालय बर्दिवास महोत्तरीमा श्री राधा देवी (ना.प्र.नं. ३६९८३०६३, महोत्तरी) को नाममा दर्ता कायम रहेको २५ नं. बहादुर गञ्ज-०३, महोत्तरी स्थित कित्ता नं. ४६९३ को क्षेत्रफल ०-०-१०-० (बिघा (०-२०-२०-४/(१६९.३२ व.मी.) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत । |

# रासायनिक मल, एलपी ग्यासको सहज आपूर्ति र शान्ति सुरक्षाको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टी धनुषाले जिल्लामा कृषि सामग्रीको सहज आपूर्ति, बजार मूल्य नियन्त्रण तथा शान्ति-सुरक्षा कायम गर्न माग गर्दै बुधबार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत सम्बन्धित सरोकारवाला निकायमा ज्ञापनपत्र बुझाएको छ ।

नेपाली कम्युनिष्ट पार्टी जिल्ला कमिटी धनुषाका तर्फबाट इन्चार्ज शत्रुधन महतो र संयोजक दीपक यादवले संयुक्त रुपमा प्रमुख जिल्ला अधिकारी प्रमेप्रसाद लुइटेल समक्ष ज्ञापनपत्र बुझाएका छन् । सो ज्ञापनपत्रमा पछिल्लो समय सर्वसाधारण नागरिक तथा किसानले दैनिक जीवनमा विभिन्न समस्या भोग्नुपरेको उल्लेख गर्दै तत्काल आवश्यक पहल गर्न सरकारसंग माग गरिएको छ ।

पार्टीले किसानलाई आवश्यक पर्ने मलखाद पर्याप्त मात्रामा तत्काल उपलब्ध गराउन, गुणस्तरीय बीउबिजन समयमै र उचित मूल्यमा उपलब्ध हुने व्यवस्था मिलाउन तथा मलखाद र बीउबिजनमा हुने कालोबजारी, कृत्रिम अभाव र अनियमित मूल्यवृद्धि नियन्त्रण गर्न माग गरेको छ ।

त्यस्तै, भारतसंगको सीमा क्षेत्रमा देखिने अवरोध तथा अन्य कारणले खाना पकाउने एलपी ग्यासको आपूर्तिमा समस्या नहोस् भन्दै सर्वसाधारणका लागि ग्यासको नियमित र सहज आपूर्ति सुनिश्चित गर्न सरकारसँग आग्रह गरिएको छ । ज्ञापनपत्रमा ग्यास, खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुमा हुने कृत्रिम अभाव र कालोबजारी नियन्त्रण गरी उचित मूल्य कायम गर्न पनि माग गरिएको छ ।

पार्टीले धनुषामा शान्ति-सुरक्षाको अवस्था प्रभावकारी बनाउन तथा दिनहुँ भइरहेका अमानवीय तथा बलात्कारलगायतका घटनामा संलग्न दोषीमाथि आवश्यक छानबिन गरी कडा कारबाही गर्नसमेत माग गरेको छ । यस्ता घटनाको नियन्त्रणका लागि आवश्यक पहलसँगै दोषीलाई कानुनी दायरामा ल्याउन ज्ञापनपत्रमा जोड दिइएको छ ।

सो ज्ञापनपत्रमा उल्लेखित समस्याहरू तत्काल समाधानका लागि जिल्ला प्रशासन कार्यालयमार्फत सम्बन्धित सरकारी निकायबीच आवश्यक समन्वय गरी प्रभावकारी कदम चाल्न आग्रह गरिएको छ। पार्टीले किसान, मजदुर तथा आम सर्वसाधारण जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका समस्यालाई गम्भीरतापूर्वक लिएर तत्काल समाधान गर्न माग गरेको जनाएको छ।

यता धनुषाका प्रमुख जिल्ला अधिकारी लुइटेलले रासायनिक मल, एलपी ग्यासको सहज आपूर्ति र शान्ति सुरक्षाको मागप्रति आफू गम्भीर रहेको बताएका छन् ।

# रसुवा बाढीमा मधेशका एक दर्जन बढी सम्पर्कविहिन

मधेश प्रदेश सरकारले घटनाप्रति दुख व्यक्त गर्दै सबै मन्त्री र कर्मचारीको एक दिन बराबरको तलब विपद् व्यवस्थापन कार्यमा सहयोग गर्ने उद्देश्यले केन्द्रिय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको छ ।

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवाको स्याफ्रुबैंसी, त्रिशुली र टिमुरेलगायतका क्षेत्रमा आएको बाढीमा मधेश प्रदेशका करीब एक दर्जनभन्दा बढी व्यक्ति सम्पर्कविहिन रहेका छ्न । सम्पर्कविहिन हुनेहरु सबै विभिन्न हाइड्रोपावर र अपर जलविद्यूत आयोजनामा काम गर्ने इन्जिनीयर हुन् ।

प्राप्त जानकारी अनुसार बारा सुवर्ण गाउँपालिका-४, हरैया निवासी रमेशकुमार यादव, महोत्तरीको पिपरा गाउँपालिका निवासी इन्जिनियर विकास यादव, जनकपुरधामका अजय प्रसाद सिंह, सप्तरी बोदेबरसाइन नगरपालिका काचनटोलका देवकुमार यादव, शिवकुमार यादव र सचित यादव सम्पर्कविहीन रहेका छन् ।

यस्तै मधेश प्रदेश निवासी सन्तोष कुमार ठाकुर, राहुल गुप्ता, राजा यादव र सुरज मण्डल सम्पर्कविहिन रहेका छ्न । समाचार लेख्दासम्म यिनीहरुको ठेगान नखुलेपनि तिनीहरु मधेश प्रदेशकै रहेको जनाइएको छ।

बाढी आएको समयदेखि उनीहरु सम्पर्कविहिन हुन् । सामाजिक सञ्जालमा तिनका आफन्त र परिवारजनहरुले उद्धारको गुहार गर्दै सरोकारवालाहरुलाई ध्यानाकर्षण गराएका छन् । बाराका रमेश यादव रसुवामा सञ्चालित अपर त्रिशूली हाइड्रोपावरको ३३ मेगावाट क्षमताको आयोजनामा कार्यरत रहेको स्थानीय परवेज खानले जानकारी दिएका छन् ।

यस्तै महोत्तरीको पिपराका विकास यादव पनि रसुवास्थित एक हाइड्रोपावरमै कार्यरत छन् । जनकपुरधामका अजयप्रसाद सिंह २१६ मेगावाटको अपर त्रिशूली जलविद्युत् आयोजनामा कार्यरत छन भने सन्तोष कुमार ठाकुर, राहुल गुप्ता पनि अपर त्रिशुली जलविद्युत आयोजनामै इन्जिनीयरको रुपमा कार्यरत जनाइएको छ।

बाढीमा सम्पर्कविहिन भएका सप्तरीको बोदेबरसाइन तीनै एक परिवारका दाजुभाई हुन् । सम्पर्कविहीन तीनै जना रसुवास्थित एक हाइड्रोपावरमा कार्यरत रहेको परिवारले जनाएको छ । देवकुमार इन्जिनियर, सचित ओभरसियर र शिवकुमार सुपरभाइजरका रूपमा कार्यरत थिए ।



उनीहरूका बुवा लालबहादुर यादवका अनुसार बुधबार बिहान रसुवामा बाढी आएपछि तीनै छोरासँग सम्पर्क हुन सकेको छैन । बाढीपछि उनीहरूको अवस्था अज्ञात रहेको भन्दै यादवले सम्बन्धित निकायसँग तत्काल खोज तथा उद्धार गरिदिन आग्रह गरेका छन् ।

यस्तै जनकपुरधामका सिंहका श्रीमति पुजा साहले पनि बाढी आएको समयदेखि श्रीमानसँग सम्पर्क हुन नसकेको भनी आफ्नो श्रीमानको खोजी तथा उद्धार गरिदिन आग्रह गरेकी छिन् ।

यसैबीच मधेश प्रदेश सरकारले घटनाप्रति दुख व्यक्त गर्दै सबै मन्त्री र कर्मचारीको एक दिन बराबरको तलब विपद् व्यवस्थापन कार्यमा सहयोग गर्ने उद्देश्यले केन्द्रिय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको छ ।

बुधवार मन्त्रिपरिषदको बसेको बैठकबाट भोटेकोसी नदीमा आएको बाढीका कारण भएको जनधनको व्यापक क्षति प्रति गहिरो दुःख प्रकट गर्दै मधेश प्रदेश सरकार मृतकप्रति हार्दिक समवेदना व्यक्तसहित घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् ।

प्रभावित क्षेत्रका नागरिकको खोज, उद्धार र राहत कार्यमा सहयोग पुऱ्याउन मधेस प्रदेशका आम नागरिक, बुद्धिजीवी, उद्यमी, व्यवसायी, समाजसेवी तथा आमसञ्चार जगतलाई मधेश प्रदेश सरकार हार्दिक अपिल गरेको छ ।

यसका साथै यस विपद्को घडीमा विपद् व्यवस्थापनको कार्यमा सहयोग पुऱ्याउन मधेस प्रदेश, प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री लगायत सम्पूर्ण पदाधिकारी र कर्मचारीको एक दिन बराबरको तलब केन्द्रीय विपद् व्यवस्थापन कोषमा दाखिला गर्ने निर्णय गरेको मुख्यमन्त्री सचिवालयले जनाएको छ ।

बुधवार बसेको प्रदेश मन्त्रिपरिषद् को बैठकले तटीय क्षेत्रमा बाढीको प्रभाव क्रमशः बढ्दै गएकाले नदी आसपासका बासिन्दाहरूलाई पूर्ण सतर्कता अपनाउन र सुरक्षित स्थानमा रहन अपिल गरेको छ । मन्त्रिपरिषद् बैठकले वर्तमान पुस्ताले नदेखेको र नभोगेको स्तरमा बाढी तथा डुबानका घटनाहरू घटेको उल्लेख गर्दै घटनाप्रति स्तब्धता प्रकट गरेको छ ।

साथै, बाढीमा परी घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । उद्धार, राहत र पुनस्थापनाका लागि संघ (नेपाल सरकार) ले तय गर्ने हरेक नीति तथा कदममा मधेश प्रदेश सरकारको पूर्ण साथ, सहयोग र समर्थन रहने मन्त्रिपरिषद्ले स्पष्ट पारेको छ ।

## भारतले पठायो राहत सामाग्री, सोनु सुद नेपाल आउँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवास्थित भोटेकोशी नदीमा बुधबार बिहान आएको भीषण बाढीका कारण ठुलो मानवीय क्षतिको दृष्टिगत गर्दै भारत सरकारले सहयोग स्वरुप नेपाललाई राहत सामग्री पठाएको छ ।

भारतका विदेशमन्त्री डा. एस. जयशंकरले नेपालको बाढी प्रभावित क्षेत्रलाई लक्षित गर्दै १० टन मानवीय सहायता तथा अत्यावश्यक औषधिहरू पठाएको जानकारी दिएका हुन् ।

विपद्को यो कठिन परिस्थितिमा शोकमा रहेका परिवारहरूप्रति समवेदना प्रकट गर्दै विदेशमन्त्री जयशंकरले भनेका छन्, 'संकटको यो सामना गर्नुपर्ने अवस्थामा भारत नेपाल र यहाँका जनताको पक्षमा उभिएको छ ।'

नेपाल प्रहरीले उपलब्ध गराएको तथ्यांकअनुसार बाढीमा परी बुधबार साँझ ७ बजेसम्म ९५ जनाको मृत्यु भएको पुष्टि भएको छ । फेला परेका शवहरूमा २७ जना महिला, ३७ जना पुरुष, ६ जना बालिका, ५ जना बालक र पहिचान नखुलेका २० जना रहेका छन् ।

यसैबीच भारतीय चर्चित अभिनेता तथा समाजसेवी सोनु सुदले यस विपद्को घडीमा सहयोगका लागि ऐक्यबद्धता जनाएका छन् । सामाजिक सञ्जालमार्फत आफ्नो सन्देश जारी गर्दै सोनु सुदले भनेका छन्, 'नेपाल, तपाईं एक्लो हुनुहुन्छ; हामी खाद्यान्न, आश्रय र तपाईंलाई पुनःस्थापनामा सहयोग गर्ने शक्ति लिएर आउँदैछौं ।'

राहत तथा उद्धारका प्रयासहरूसँगै अन्तर्राष्ट्रिय स्तरबाट समेत सहयोगको प्रतिबद्धता आउने क्रम सुरु भएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यसअघि नै घटनाप्रति दुःख व्यक्त गर्दै नेपालका प्रधानमन्त्री बालेन शाहलाई फोन गरी आफु हुने सक्ने जति सहयोग गर्ने भन्ने प्रतिबद्धता जनाएका थिए ।

# प्रादेशिक अस्पतालको स्थायी दरबन्दी कायम गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको जनकपुरधामस्थित प्रादेशिक अस्पतालको अस्तित्व र स्थायी दरबन्दी कायम गर्नुपर्ने माग गर्दै अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराएका छन् ।

संघीयता कार्यान्वयनसँगै मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेको प्रादेशिक अस्पताल जनकपुरधामले धनुषासहित आसपासका चार/पाँच जिल्लाका सर्वसाधारणलाई उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको भन्दै कर्मचारीहरूले अस्पतालको संरचना र अस्तित्व कमजोर पार्ने कुनै पनि प्रक्रिया रोक्न माग गरेका हुन् ।

स्वास्थ्यकर्मी तथा कर्मचारीहरूले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना भएपछि प्रादेशिक अस्पतालको पहिचान र संरचना क्रमशः कमजोर हुँदै गएको बताएका छन् ।

अस्पतालको अस्तित्व नै विलिन हुने अवस्था आएमा यहाँ कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको वृत्ति विकासमा समेत असर पर्नेछ भने ठूलो संख्यामा सेवाग्राही सरकारीस्तरको उच्च स्वास्थ्य सेवाबाट वञ्चित हुने जोखिम रहेको उनीहरुको भनाइ छ ।

उनीहरूले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७७ मा आवश्यक संशोधन गरी प्रादेशिक अस्पताल जनकपुरको स्थापित अस्तित्व कायम राख्नुपर्ने माग गरेका छन् ।

अस्पतालमा रहेका स्थायी दरबन्दी कायम गर्दै स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको पदस्थापन, सरुवा र बढुवासम्बन्धी व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०७७ सरह निरन्तर कायम गर्नुपर्ने उनीहरूको माग छ ।



यस्तै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरिरहेको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएण्डएम) सर्भेमा प्रादेशिक अस्पताल जनकपुरलाई समेत समेटेर अस्पतालको स्तरोन्नति गर्न र सोहीअनुसार आवश्यक दरबन्दी तथा पद संरचना कायम गर्नुपर्ने माग गरिएको छ ।

ज्ञापनपत्रमा पहिलो मागका विषयमा प्रादेशिक अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारी र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उच्च पदाधिकारीबीच छलफल भई ऐन संशोधनका लागि आवश्यक बुँदासमेत तयार भइसकेको उल्लेख गरिएको छ ।

स्वास्थ्यकर्मीहरूले आफ्ना माग यथाशीघ्र सम्बोधन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग आग्रह गरेका छन् । माग सम्बोधनमा मन्त्रालय गम्भीर नदेखिए सेवाग्राही र सेवाप्रदायक दुवै पक्ष प्रभावित हुने भन्दै उनीहरूले चरणबद्ध आन्दोलनमा जाने चेतावनी दिएका छन् ।

आन्दोलनका कारण स्वास्थ्य सेवामा उत्पन्न हुन सक्ने असहज परिस्थितिबाट सेवाग्राहीमा पर्ने क्षतिको जिम्मेवारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लिनुपर्ने उनीहरूको भनाइ छ । प्रादेशिक अस्पताल जनकपुरको संस्थागत अस्तित्व जोगाउँदै अस्पताललाई थप व्यवस्थित र स्तरीय बनाउनेतर्फ सरकार तत्काल अघि बढ्नुपर्नेमा उनीहरुले जोड दिएका छन् ।

प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसंग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रुपमा प्रयोग गरौं ।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८